मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ४ ● अंक १७२ ● २०८३ साल वैशाख २८ गते सोमबार ● Monday 11, May 2026 ● सूर्योदय: बिहान ०५:२३ बजे ● सूर्यास्त: साँझ ०६:४१ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## क्यानलाई आवश्यक कारबाही गर्न मन्त्रालयले दियो राखेपलाई निर्देशन

**काठमाडौँ।**
युवा तथा खेलकुद मन्त्रालये राष्ट्रिय खेलकुद परिषदलाई नेपाल क्रिकेट संघ (क्यान) विरुद्ध आवश्यक कारबाही अघि बढाउन निर्देशन दिएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको उजुरीको विषयमा छानविन गर्न सहयोग नगरेको भन्दै राखेपलाई मन्त्रालयले पत्र लेख्दै क्यानलाई आवश्यक कारवाही प्रक्रिया अघि बढाउन निर्देशन दिएको हो। अख्तियारमा २०८१ मंसिर ७ गते र २०८१ फागुन १२ गते परेको उजुरी सम्बन्धमा २०८१ पुस २५ गते मन्त्रालयमा सचिवस्तरको निर्णय र २०८२ भदौ ५ गते मन्त्रीस्तरीय निर्णय भई समिति गठन भई छानविन प्रक्रियाको जिम्मेवारी पाएपनि खेलकुद विकास ऐन २०७७ को दफा २८ खण्ड (च) र (ड) बमोजिम मन्त्रालय तथा परिषदबाट श्रेस्ताको जाँचबुझ गर्न सो सम्बन्धी अभिलेख उपलब्ध गराउने बाध्यात्मक व्यवस्था रहेकोमा सो कानुनी प्रावधा क्यानबाट पालना नभएको मन्त्रालयले परिषदलाई पठाएको पत्रमा उल्लेख गरिएको छ।

# ४ दलको समर्थनपछि जोगियो ‘मिलीजुली सरकार’

**मधेशदष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारबाट जनमत पार्टी बाहिरिएपछि उत्पन्न राजनीतिक अन्योलबीच सत्ता गठबन्धनमा आबद्ध चार दलले वर्तमान ‘मिलीजुली सरकार’लाई निरन्तरता दिने निर्णय गरेका छन्। गठबन्धन दलहरूको समर्थन कायम रहने सहमतिसँगै मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेश सभाबाट पुनः विश्वासको मत लिने तयारी थालेका छन्।



आइतबार जनकपुरधाममा बसेको नेपाली कांग्रेस, जनता समाजवादी पार्टी नेपाल, नेपाल कम्युनिस्ट पार्टी तथा लोकतान्त्रिक समाजवादी पार्टी नेपालको संयुक्त बैठकले सरकारलाई निरन्तरता दिने औपचारिक निर्णय गरेको हो।
बैठकपछि जारी संयुक्त विज्ञप्तिमा वर्तमान राजनीतिक परिस्थितिमा प्रदेश सरकारको स्थायित्व जोगाउन आवश्यक रहेको निष्कर्ष निकालिएको उल्लेख गरिएको छ। गठबन्धन दलहरूले मुख्यमन्त्री यादवलाई यथाशीघ्र विश्वासको मत लिन आग्रह गर्दै त्यसका लागि साझा रूपमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।
सत्ता साझेदार दलहरूले प्रदेशमा विकास निर्माण, सेवा प्रवाह र सुशासनलाई प्रभावित हुन नदिन सरकारलाई निरन्तरता दिनुपर्ने धारणा राखेका छन्। उनीहरूका अनुसार राजनीतिक अस्थिरताले प्रदेशको विकास प्रक्रिया प्रभावित हुनसक्ने भएकाले गठबन्धनलाई एकताबद्ध राख्ने निर्णय गरिएको हो।
यसअघि गत वैशाख २२ गते जनमत पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो। जनमतले सहमति कार्यान्वयन नभएको, राजनीतिक प्रतिबद्धता पूरा नगरिएको तथा सरकार सञ्चालनमा आफ्नो भूमिकालाई कमजोर बनाइएको आरोप लगाउँदै सरकारबाट अलग हुने निर्णय गरेको थियो।
जनमत पार्टी बाहिरिएपछि मधेश सरकार अल्पमतमा पर्ने सम्भावना र नयाँ सत्ता समीकरण बन्ने चर्चा तीव्र बनेको थियो। तर गठबन्धनमा रहेका अन्य दलहरूले एकजुटता कायम राख्ने निर्णय गरेपछि मुख्यमन्त्री यादवको सरकार तत्कालका लागि संकटमुक्त देखिएको छ।
गठबन्धन दलका नेताहरूले प्रदेशमा अस्थिरता निम्त्याउने कुनै पनि प्रयास सफल हुन नदिने बताएका छन्। यद्यपि राजनीतिक वृत्तमा जनमत पार्टीको बहिर्गमनले आगामी दिनमा मधेश प्रदेशको सत्ता समीकरणमा थप उतारचढाव ल्याउन सक्ने आकलन गरिएको छ।
प्रदेशसभाभित्र दलहरूको अंकगणित, विश्वासको मतको प्रक्रिया तथा सम्भावित नयाँ राजनीतिक सहकार्यबारे विभिन्न दलबीच आन्तरिक छलफलसमेत सुरु भएको स्रोतहरूले बताएका छन्।
मुख्यमन्त्री यादवले गठबन्धन दलहरूको समर्थनप्रति आभार व्यक्त गर्दै प्रदेश सरकार जनताको अपेक्षाअनुसार काम गर्न प्रतिबद्ध रहेको बताएका छन्। उनले विकास, स्थायित्व र सुशासनलाई प्राथमिकतामा राखेर सरकार अघि बढ्ने उल्लेख गरेका छन्।

## ३० गते विश्वासको मत लिने



मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले वैशाख ३० बुधवार प्रदेशसभाबाट विश्वासको मत लिने भएका छन्। मुख्यमन्त्री यादवले आइतबार जनकपुरधाममा पत्रकारहरूसँग कुरा गर्दै आफूसँग चार दलको समर्थन कायम रहेकाले सरकारको पक्षमा पूर्ण बहुमत रहेको बताए।
उनले नेपाली कांग्रेससहित सत्तारुढ ४ दलको आइतबार जनकपुरधाममा बसेको बैठकले बुधबारका लागि विश्वासको मत लिने विषयमा छलफल भएको जानकारी दिए।
मुख्यमन्त्री यादवले आफूसँग नेपाली कांग्रेसको २२, जनता समाजवादी पार्टी नेपालका १७, नेपाली कम्युनिष्ट पार्टीका १५, लोकतान्त्रिक समाजवादी पार्टी नेपालका ८ जना गरेर ६२ जना प्रदेशसभा सदस्यहरूको समर्थन कायम रहेको बताए।
उनले जनमत पार्टी सरकारबाट बाहिरिए पनि सरकारमा कुनै फरक नपर्ने र नेकपा एमालेलाई पनि समर्थनका लागि आग्रह गर्ने पनि बताए। मधेश प्रदेशका चार दलको आज बसेको बैठकले वर्तमान सरकारलाई अझै राम्रोसँग सञ्चालन गर्ने विषयमा पनि छलफल भएको मुख्यमन्त्री यादवले जानकारी दिए।

# पूर्वाधार कार्यालयमा योजनाको चिठी बेचबिखन !




**मधेशदृष्टि**
**सर्लाही।**
पूर्वाधार विकास कार्यालय मलङ्गवामा योजनाको चिठी वितरण प्रक्रियामै अनियमितता भएको आरोप सार्वजनिक भएपछि विवाद चुलिएको छ। जनप्रतिनिधिहरूले कार्यालयका कर्मचारी र बिचौलियाको मिलेमतोमा योजनाको चिठी सम्बन्धित वडा कार्यालयसम्म नपुग्दै अन्य व्यक्तिको हातमा पुग्ने गरेको गुनासो गरेका छन्।
लालबन्दी नगरपालिका–१४ नारायण खोलाका वडाध्यक्ष छेनामसिंह घिसिङ सडक स्तरोन्नतिका लागि विनियोजित योजनाको चिठी लिन शुक्रबार पूर्वाधार विकास कार्यालय पुगेका थिए। तर कार्यालयले उपभोक्ता समिति गठन गरेर काम अघि बढाउनुपर्ने चिठी पहिल्यै अरू व्यक्तिले बुझिसकेको जानकारी दिएको उनले बताए।
वडाध्यक्ष घिसिङका अनुसार कानूनी व्यवस्था अनुसार योजनाको चिठी वडा कार्यालयमा पठाइनुपर्ने हो। त्यसपछि वडा कार्यालयले उपभोक्ता समिति गठन गरी पुनः कार्यालयलाई जानकारी गराउनुपर्ने प्रावधान छ। तर वडा कार्यालयलाई कुनै जानकारी नै नदिई बिचौलियाले चिठी हात पारेर उल्टै कमिसन माग्न थालेको उनको आरोप छ।
चालु आर्थिक वर्ष २०८२–८३ मा मधेश प्रदेश सरकारबाट नारायण खोलामा सडक निर्माणका लागि २५–२५ लाख रुपैयाँका तीन वटा योजना परेको छ। ती योजना कार्यान्वयन भए यस वर्ष मटरदोभानसम्म सडक विस्तार हुने अपेक्षा गरिएको थियो। तर सुरुमै योजनाको चिठी बिचौलियाको हातमा पुगेपछि काम अघि बढाउन कठिन भएको वडाध्यक्ष घिसिङले बताएका छन्।
उनले दुर्गम क्षेत्रमा सडक पुऱ्याउने उद्देश्यले ल्याइएको योजनामा समेत कर्मचारी र बिचौलियाले चलखेल गरेको आरोप लगाए। ‘कार्यालय प्रमुखले नै तपाईंको वडाको चिठी गइसकेको छ, फलानो व्यक्तिसँग सम्पर्क गर्नु भन्नुभयो,’ उनले गुनासो गरे।
शुक्रबार सञ्चारकर्मीहरू पूर्वाधार विकास कार्यालय पुगेका बेला कार्यालय परिसरमा योजनाको चिठी बुझ्न आएका जनप्रतिनिधि र सर्वसाधारणको भीड देखिएको थियो। अधिकांशको गुनासो चिठी वितरण प्रक्रियामा बिचौलियाको प्रभाव रहेको भन्ने थियो। बलरा नगरपालिका–५ का स्थानीय सत्यप्रकाश यादवले नयाँ सरकार बनेपछि अन्य कार्यालयमा केही सुधार देखिए पनि पूर्वाधार विकास कार्यालयको अवस्था पुरानै रहेको टिप्पणी गरे। उनका अनुसार योजनाको खुलेआम खरिदबिक्री भइरहेको छ र जनप्रतिनिधि चिठी खोज्दै कार्यालय धाइरहेका बेला बिचौलियाले बाहिरै ‘बार्गेनिङ’ गरिरहेका छन्।
पूर्वाधार विकास कार्यालय मलङ्गवामा हालै सरुवा भएर आएका कार्यालय प्रमुख तथा इन्जिनियर सञ्जयकुमार यादवले भने आफू कार्यालयमा नयाँ भएकाले पुराना कागजातबारे बुझ्न समय लाग्ने बताएका छन्। उनले अघिल्ला कार्यालय प्रमुखसँग आवश्यक कागजात माग्दा पनि उपलब्ध नभएको दाबी गरे।
यसअघि कार्यालय प्रमुख रहेका र हाल गौर सरुवा भएका विजयकुमार यादवले भने आफूमाथि लगाइएको आरोप अस्वीकार गरेका छन्। उनले कार्यालयमा दर्ता तथा चलानी रजिस्टरमार्फत पनि चिठीबारे जानकारी लिन सकिने भन्दै कागजात लिएर गएको आरोप झुटो भएको बताए।
निवर्तमान कार्यालय प्रमुख यादवले आर्थिक वर्षको अन्त्यमा मात्रै बजेट आउने परिपाटीका कारण समस्या हुने गरेको स्वीकार गरे। अन्तिम समयमा बजेट खर्च गर्नुपर्ने दबाबका कारण कर्मचारी र बिचौलियाबीच चलखेल हुने गरेको आरोप लाग्दै आएको छ।
सर्लाहीका प्रमुख जिल्ला अधिकारी रामुराज कडरिया ले घटनाबारे जानकारी प्राप्त भएको भन्दै पुराना कागजात सम्बन्धमा २४ घण्टाभित्र स्पष्टिकरण दिन निर्देशन दिइएको बताए।
यस्तै निवर्तमान मधेश प्रदेशसभा सदस्य अशोककुमार यादवले पूर्वाधार विकास कार्यालयमा हुने बेथितिविरुद्ध बोल्दा आफूले विगतमा दबाब र हिरासतसम्म भोग्नुपरेको गुनासो गरेका छन्। उनले मन्त्रालयस्तरसम्म योजनाको खरिदबिक्री हुने प्रवृत्ति रोक्नुपर्ने माग गर्दै नयाँ सरकार आए पनि अवस्था नसुध्रिएको टिप्पणी गरे।

## क्यासिनोमा जुवा खेलिरहेका नेपालीसहित ७ जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा प्रहरीले वीरगंजस्थित विभिन्न क्यासिनोमा जुवा खेलिरहेको अवस्थामा ६ भारतीय नागरिकसहित १ नेपालीलाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार शनिबार राति करिब पउने १२ बजे वीरगंजका चार वटा क्यासिनोमा शंकास्पद गतिविधि भइरहेको विशेष सूचनाको आधारमा वडा प्रहरी कार्यालय बिर्ताबाट खटिएको संयुक्त प्रहरी टोलीले छापा मारेको हो। प्रहरीले किङ, फर्चुन सिटी गेमिङ क्लुब र क्यासिनो माजोङलगायतका स्थानबाट जुवा खेलिरहेको आरोपमा उनीहरूलाई नियन्त्रणमा लिएको जनाएको छ। पक्राउ पर्नेमा भारत बिहार घर भएका २६ वर्षीय गणेश कुमार, ३८ वर्षीय सन्दीप कुमार, ३१ वर्षीय सुरज प्रसाद, ४३ वर्षीय अल्लाहा यादव र ३६ वर्षीय ओमप्रकाश यादव छन्। त्यसैगरी वीरगंज महानगरपालिका–३२ निवासी ३७ वर्षीय जमुदिन मियाँ अन्सारी पनि पक्राउ परेका छन्। प्रहरीले उनीहरूको साथबाट ५ सय रुपैयाँबराबरको क्यासिनो क्वाइन, नेपाली रुपैयाँ ५ सय ५५, भारतीय रुपैयाँ १ हजार २ सय तथा दुई वटा मोबाइल बरामद गरेको जनाएको छ।
पक्राउ परेकामाथि आवश्यक अनुसन्धान तथा कानूनी कारबाही प्रक्रिया अघि बढाइएको प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी हरिबहादुर बस्नेतले जानकारी दिए।

# उठिबासको विरोधमा सुकुम्बासीको प्रदर्शन






**मधेशदृष्टि**
**वीरगंज।**
सुकुम्बासी समुदायले मधेशका विभिन्न जिल्लामा भूमि तथा आवास अधिकारको सुनिश्चितता माग गर्दै प्रदर्शन गरेका छन्। राष्ट्रिय भूमि अधिकार मञ्च धनुषाले ढल्केबरमा गरेको प्रदर्शनमा सहभागीहरूले उठिबास रोक्न, बसोबासको अधिकार सुरक्षित गर्न तथा जीविकोपार्जनको ग्यारेन्टी गर्न सरकारसँग माग गरेका हुन्।
प्लेकार्डसहित बजार क्षेत्र परिक्रमा गरेका प्रदर्शनकारीहरूले पछि ढल्केबर पार्कमा कोणसभा आयोजना गरेका थिए। कार्यक्रममा वक्ताहरूले व्यवस्थापनको विकल्प नदिई सुकुम्बासी बस्तीमा डोजर चलाउनु उचित नहुने बताएका छन्। कोणसभामा बोल्दै भूमि अधिकार अभियन्ता इच्छाराम परियारले सुकुम्बासी समस्याको दीर्घकालीन समाधानका लागि बसोबास गरिरहेको जग्गाकै स्वामित्व उपलब्ध गराउनुपर्ने बताए। सरकारले सुकुम्बासी व्यवस्थापनको नीति ल्याएको भए पनि व्यवहारमा अझै समस्या रहेको उनको भनाइ थियो।
उनले ‘पहिले व्यवस्थापन अनि मात्रै अन्य प्रक्रिया’ को नीति अपनाउन सरकारसँग आग्रह गर्दै सुकुम्बासीको घरमा बल प्रयोग नगर्न चेतावनी दिए। त्यसैगरी मिथिला नगरपालिका–३ स्थित दिनाभद्री सुकुम्बासी टोलका गोबिन्द सदाले वर्षौंदेखि बसोबास गर्दै आएका परिवारलाई विस्थापित नगर्न माग गरे। उनले सुकुम्बासीलाई लालपुर्जा उपलब्ध गराएर सम्मानपूर्वक बाँच्न पाउने वातावरण बनाउनुपर्ने बताए।
यस्तै, ‘उठिबास बन्द गर, भूमि र आवासको अधिकार सुनिश्चित गर’ भन्ने मूल नारासहित राष्ट्रिय भूमि अधिकार मञ्च जिल्ला कार्यसमिति रौतहटले आइतबार चन्द्रनिगाहपुरमा बृहत् ऱ्याली तथा सभाको आयोजना गरेको छ।
भूमिहीन तथा सुकुम्बासी परिवारहरूको उल्लेख्य सहभागिता रहेको कार्यक्रममा सैयौँ भूमि र आवासको अधिकार सुनिश्चित गर्न माग गर्दै प्रदर्शन गरेका हुन्। डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरबाट सुरु भएको ऱ्याली बजारका विभिन्न भाग परिक्रमा गर्दै तीनकुने पार्कमा पुगेर कोणसभामा परिणत भएको थियो।
प्रदर्शनका क्रममा सहभागीहरूले ‘भूमि हाम्रो अधिकार हो’, ‘डोजर आतङ्क बन्द गर’, ‘सुकुम्बासीलाई आवास सुनिश्चित गर’लगायतका नारासहित सरकारको ध्यानाकर्षण गराएका थिए। कोणसभालाई सम्बोधन गर्दै राष्ट्रिय भूमि अधिकार मञ्च रौतहटका जिल्ला अध्यक्ष अनुप माझीले पछिल्लो समय सरकारले सञ्चालन गरेको डोजर अभियानका कारण भूमिहीन तथा सुकुम्बासी परिवार त्रसित बनेको बताए। उनले वर्षौंदेखि बसोबास गर्दै आएका नागरिकलाई जबरजस्ती हटाउने कार्य मानवअधिकार विपरीत भएको उल्लेख गरे।
‘पछिल्लो समय सरकारले चलाएको डोजर आतङ्कका कारण हामी त्रसित छौँ,’ उनले भने, ‘राज्यले हाम्रो भूमि अधिकार जबरजस्ती हनन गर्न पाइँदैन। हाम्रो आवासको अधिकार सुनिश्चित गर्नुपर्छ।’
कार्यक्रमलाई सम्बोधन गर्दै अधिकांश वक्ताहरूले वास्तविक भूमिहीन र सुकुम्बासीको पहिचान गरी सुरक्षित बसोबास तथा लालपुर्जा वितरणको प्रक्रिया तत्काल अघि बढाउन सरकारसँग माग गर्नुभयो। उनहरूले भूमि र आवासको अधिकार सुनिश्चित नभएसम्म आन्दोलन जारी रहने चेतावनी समेत दिए। कार्यक्रममा सहभागीहरूले राज्यले भूमिहीन समुदायको समस्या दीर्घकालीन रूपमा समाधान गर्न ठोस नीति ल्याउनुपर्ने माग गरेका थिए।



हिलाम्मे सडकः धनुषाको विदेह नगरपालिका–८ बफैमा वर्षाका कारण हिलाम्मे सडक । सडकमा जमेको पानी र हिलोले यात्रुले सास्ती भोग्नु परेको छ । तस्बिर: चन्द्रदेव साह

# मूल्य पारदर्शिता सप्ताहलाई महासङ्घको ऐक्यबद्धता

**काठमाडौँ।**
नेपाल उद्योग वाणिज्य महासङ्घले सरकारद्वारा घोषणा गरिएको मूल्य पारदर्शिता सप्ताहलाई पूर्ण समर्थन गर्दै देशभरका उद्योगी व्यवसायीहरूलाई यस अभियानमा सहभागी हुन आह्वान गरेको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यही वैशाख २८ गतेदेखि आगामी जेठ ३ गतेसम्म देशव्यापी रूपमा मूल्य पारदर्शिता सप्ताह मनाउने निर्णय गरेसँगै महासङ्घले आफ्नो ऐक्यबद्धता जनाएको हो।

आइतबार प्रेस विज्ञप्ति जारी गर्दै महासङ्घले बजारमा वस्तु तथा सेवाको मूल्यमा एकरूपता ल्याउन र स्वच्छ व्यावसायिक वातावरण निर्माण गर्न यो अभियान प्रभावकारी हुने विश्वास व्यक्त गरेको छ । महासङ्घले मन्त्रालयको परिपत्रअनुसार आफ्ना सदस्य उद्योग वाणिज्य सङ्घहरू, वस्तुगत सङ्घ र आबद्ध व्यवसायीलाई सम्पूर्ण उद्योगी, पैठारीकर्ता, सप्लायर्स, थोक तथा खुद्रा बिक्रेताहरूलाई आफूले बिक्री गर्ने वस्तु तथा सेवाको अद्यावधिक मूल्य सूची अनिवार्य र स्पष्ट देखिने गरी राख्न आग्रहसमेत गरेको छ। महासङ्घले जिल्ला तथा नगर उद्योग वाणिज्य सङ्घलाई आ–आफ्नो क्षेत्रका बजारमा मूल्यसूची राखिए÷नराखिएको सुनिश्चित गर्न र सचेतनामूलक कार्यक्रममा सहभागिता जनाउँदै यस अभियानलाई सफल बनाउन देशभरका सम्पूर्ण उद्योगी–व्यवसायीलाई सक्रियतापूर्वक सहभागी हुन अनुरोध गरेको छ। रासस

# विकासका लागि निजी क्षेत्रको पुँजी आवश्यक: अर्थमन्त्री




**काठमाडौँ।**
नेपाल उद्योग परिसङ्घले आगामी आर्थिक वर्षको बजेटका लागि अर्थमन्त्री डा स्वर्णिम वाग्लेसमक्ष विभिन्न सुझाव पेस गरेको छ । परिसङ्घले निजी क्षेत्रलाई विकासको इन्जिनका रूपमा लिई उद्योग तथा लगानी वृद्धि गराउने नीति लिन आग्रह गरेको हो । परिसङ्घका तर्फबाट सुझाव प्रस्तुत गर्दै अध्यक्ष वीरेन्द्रराज पाण्डेले आयआर्जन गर्ने सम्पत्ति कमाउने, रोजगारी सिर्जना गर्नेलगायत विषयलाई सहयोग गर्नेगरी बजेट ल्याउनुपर्नेमा जोड दिए।

उनले अर्थतन्त्र विस्तार, रोजगारी सिर्जना तथा लगानी वृद्धिमा उल्लेख्य सुधार आई मुलुकको समृद्धिको यात्रामा महत्वपूर्ण टेवा पुग्ने विश्वास लिइएको बताए । परिसङ्घले उद्योग तथा लगानी, प्रत्यक्ष विदेशी लगानी, कर नीति तथा प्रणाली, भन्सार, पर्यटन, कृषि, जडीबुटी तथा वनपैदावार, ऊर्जा, सूचना प्रविधि क्षेत्र, बैङ्किङ तथा वित्त, बिमा, सहकारी तथा पुँजीबजार, स्वदेशी उत्पादन प्रवद्र्धन, पूर्वाधार, स्वास्थ्य तथा शिक्षा, गैरकर, राजस्व चुहावट तथा सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित क्षेत्रगत रूपमा बजेट विनियोजन गर्नुपर्ने सुझाव दिएको छ।

उद्योगलाई पहिलो प्राथमिकतामा राखी नीतिगत सुधार गर्दै यस्ता नीतिहरूको न्यूनतम १० वर्ष स्थायित्व सुनिश्चित गर्न, प्रतिस्पर्धी क्षमता भएका वस्तु केन्द्रित औद्योगिक विकास रणनीति बनाई लागू गर्न, रोजगारी, उत्पादन र आयात प्रतिस्थापनलाई केन्द्रमा राखी बजेट ल्याउन परिसङ्घले आग्रह गरेको छ । कच्चापदार्थ र तयारी वस्तुमा कम्तीमा दुई तहको भन्सार दर फरक गर्न, औद्योगिक कच्चापदार्थमा लाग्ने भन्सारलगायतका फिर्ता गर्नुपर्ने अन्य रकम फिर्ता वा समायोजन प्रणाली लागू गर्न, कम्तीमा ४० प्रतिशत स्वदेशी कच्चापदार्थ प्रयोग गर्ने उद्योगलाई बाँकी कच्चापदार्थको आयातमा कर छुटमार्फत स्वदेशी उत्पादन प्रोत्साहन गर्न परिसङ्घले सुझाएको छ।

ठूला पूर्वाधारका परियोजनाहरूमा निजी क्षेत्रलाई आकर्षित गर्ने नीति लिन, उद्योगको स्वीकृत परियोजनाअनुसार आवश्यक जग्गामा हदबन्दी नलाग्ने व्यवस्था गरी अतिरिक्त जग्गा धितो राख्न पाउने प्रबन्ध गर्न परिसङ्घले भनेको छ । यस्तै, उद्योगलाई बिक्री गर्न पाउने नीति लागू गर्न, उद्योग व्यवसायले सरकारको कुनै निकायमा भुक्तान गर्न बाँकी रहेको रकम र सरकारले सो उद्योगलाई भुक्तान वा फिर्ता गर्न बाँकी रहेको रकम हिसाब मिलान गर्न पाउने नीतिगत व्यवस्था गर्न परिसङ्घले सुझाएको छ।

परिसङ्घको सुझाव ग्रहण गर्दै अर्थमन्त्री वाग्लेले विकासका लागि निजी क्षेत्रको पुँजी आवश्यक रहेको बताए । उनले कानुनी सुधार, कर प्रणालीमा सुधार आवश्यक रहेको भन्दै सम्पत्ति आर्जन गर्ने विषयलाई प्राथमिकताका साथ सम्बोधन गरिने बताए।

निजी क्षेत्रको लगानीबिना विकास सम्भव छैन भन्ने विषयमा सरकार प्रस्ट रहेको जनाउँदै उनले पूर्वाधारका क्षेत्रमा निजी क्षेत्रले लगानी गर्ने वातावरण बन्नुपर्नेमा जोड दिए। रासस

# चोरीको मोटरसाइकलमा सवार युवक पक्राउ

**मधेशदृष्टि**
**रौतहट।**
मौलापुर नगरपालिका–५ स्थित आईटी चौकमा मोटरसाइकलले ठक्कर दिँदा एक महिला गम्भीर घाइते भएकी छन्।

मधेश प्रदेश ०३–०२७ प ५७५५ नम्बरको मोटरसाइकलले पैदलयात्री २० वर्षीया सुनिता कुमारीलाई ठक्कर दिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ। प्रहरीका अनुसार चालक घटनास्थलमै मोटरसाइकल छाडेर फरार भएका थिए।

अनुसन्धानका क्रममा मोटरसाइकल पर्साको वीरगंज महानगरपालिका–१६ निवासी ३१ वर्षीय रमेश कुमार पटेलको रहेको खुलेको थियो।

मोटरसाइकल सोही दिन बिहान पर्साको नगवा चौकबाट चोरी भएको भन्दै प्रहरीमा निवेदन समेत परेको थियो।

प्रहरीले प्राविधिक तथा सूचनाको आधारमा अनुसन्धान गर्दै फरार रहेका बारा सिम्रौनगढ नगरपालिका–३ निवासी २२ वर्षीय जाकिर अन्सारीलाई घटनाको तीन दिनपछि नियन्त्रणमा लिएको जनाएको छ।

उनीमाथि सवारी अंगभंग तथा चोरी मुद्दामा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# संविधान संशोधनबारे छलफल

**काठमाडौँ।**
संविधान संशोधनका विषयमा संविधान संशोधन कार्यदल तथा विभिन्न राजनीतिक दल र विज्ञबीच छलफल भएको छ । 'फेडरालिजम एण्ड लोकलाइजेशन सेन्टर'ले आइतबार गरेको 'संविधान संशोधनमा सङ्घीयता र प्रदेश संरचनाको सवाल' विषयक छलफल कार्यक्रममा सरकारले बनाएको संविधान संसोधन कार्यदलसँग राजनीतिक दलका नेता तथा विज्ञहरुबीच अन्तरक्रिया गरिएको हो । कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद तथा संविधान संसोधन कार्यदलका सदस्य मोहनलाल आचार्यले सबै विषयमा तल्लो तहसम्म खुला रुपमा छलफल गरेर संसोधनको मस्यौदा तयार पारिने बताए । प्रदेशसभा सदस्यको सङ्ख्या र मन्त्रालयको संख्या घटाउन तथा निर्वाचन प्रणालीबारे सोच्न एवम् सच्याउन सकिने उनको भनाइ थियो । केही संवैधानिक आयोगलाई जोडेर छाता आयोग बनाउन सकिने उनले उल्लेख गरे । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का तर्फबाट कार्यदल सदस्य देवप्रसाद गुरुङले समय अनुसार सुधार गर्नु राम्रो कुरा भएको उल्लेख गर्दै के संसोधन गर्ने भन्ने विषयमा राष्ट्रिय सहमति आवश्यक भएकामा जोड दिए। राष्ट्रिय सहमति बिना संविधान संशोधन गर्ने कुरा सजिलो नभएको उनको भनाइ थियो।

नेपाली कांग्रेसका नेता तथा संविधानविद् राधेश्याम अधिकारीले सङ्घीयता विकेन्द्रीकरण मात्रै नभएर शक्ति बाँडफाँट पनि हो भन्दै लामो समयदेखि अधिकांश समय देशको शासकीय स्वरुप केन्द्रीकृत भएकाले हाम्रो मानसिकता पनि मूलरुपमा केन्द्रीकृत भएको बताए । उनले प्रत्यक्ष निर्वाचित कार्यकारी नेपाल जस्तो देशमा जोखीमपूर्ण हुनसक्ने बताए।

नेकपा (एमाले) का नेता तथा संविधान संशोधन कार्यदलका सदस्य डा. भीष्मराज अधिकारीले सरकार के के विषयमा संविधान संशोधन गर्न चाहन्छ भन्ने कुरा स्पष्ट नभएको बताए। सङ्घीयता बलियो बनाउँदा देश बलियो हुने उनको भनाइ थियो । मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउतले सङ्घीयता मधेश प्रदेशको दबाबमा आएको भन्दै यसलाई सुरुआतदेखि नै कमजोर र अधिकारबिहीन बनाइएको आरोप लगाए।

बागमती प्रदेशका पूर्वमन्त्री तथा आदिवासी जनजाति महासङ्घका अध्यक्ष नीमा ह्योल्मो लामाले आदिवासी जनजातिका मुद्दा संबोधन हुनुपर्ने र सङ्घीयताको मूल मर्म नै प्रदेश संरचना भएको बताए।

कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँ, लुम्बिनी प्रदेशसभा सदस्य नीमा गिरी, बागमती प्रदेश नीति योजना आयोगका पूर्वउपाध्यक्ष तथा भूमि विज्ञ डा. जगत बस्नेत, बरिष्ठ अधिवक्ता तथा मधेश प्रदेशका पूर्वमुख्य न्यायाधिवक्ता सुरेन्द्र महतो, कर्णाली प्रदेश नीति योजना आयोगका पूर्वसदस्य डा दीपेन्द्र रोकाया, लेखक ईन्दु थारुलगायतले आ–आफ्नो धारणा राखेका थिए । रासस

# बेगनास सिँचाइ प्रणालीअन्तर्गतका शाखा नहर मर्मत गरिँदै



**गण्डकी।**
बेगनास सिँचाइ प्रणालीअन्तर्गत रहेका पाँच वटा शाखाका नहर मर्मतसम्भार गरिने भएको छ । बेगनास सिँचाइ प्रणालीअन्तर्गतका नहरका ठाउँठाउँमा बिग्रिने–भत्किने समस्या देखिएपछि सङ्घीय बजेटबाट करिब ६० लाख रुपैयाँको लागतमा मर्मत गर्न लागिएको हो ।बेगनास सिँचाइ प्रणाली मूल उपभोक्ता समितिका अध्यक्ष राजु खत्रीले यस सिँचाइ प्रणालीअन्तर्गत यहाँका करिब एक हजार ६ सय हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगिरहेको जानकारी दिए । नहरको मर्मतसम्भारका लागि प्रत्येक वर्ष बजेट विनियोजन हुने गरेको उल्लेख गर्दै उनले अघिल्लो वर्ष बजेट प्राप्त नभएको बताए।

पाँचवटै शाखाअन्तर्गतका नहरबाट ढुङ्गेपाटन, खुदी, तल्लो गगनगौँडा, छुची, सातमुहाने, मालमूल, किमबेँसीलगायत स्थानमा सिँचाइ भइरहेको छ । यो प्रणाली सञ्चालनमा आएपछि यस क्षेत्रमा वर्षातसँगै हिउँदको समयमा खेती गर्न सकिने गरी सिँचाइ पुगेको बेगनास सिँचाइ प्रणाली शाखाका–२ का अध्यक्ष शिबबहादुर थापाले बताए । सहज सिँचाइ सुविधा पुगेकाले किसानलाई सहज हुनुका साथै उत्पादनमा महत्वपूर्ण टेवा पुगिरहेको उनको भनाइ छ । रासस

# अपाङ्गता अधिकार प्रवर्द्धनका लागि मधेशबाट 'यात्रा' परियोजना सुरु

**मधेशदृष्टि**
**जनकपुरधाम।**
अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, नेतृत्व विकास तथा नीतिगत पैरवीलाई केन्द्रमा राखेर तीन वर्षे 'यात्रा' परियोजना मधेश प्रदेशबाट औपचारिक रूपमा सुरु गरिएको छ । जनकपुरधाममा आयोजित अभिमुखीकरण कार्यक्रममा सरोकारवालाहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई अझै पनि अधिकारको दृष्टिकोणभन्दा दया र सहयोगको विषयका रूपमा हेरिने प्रवृत्ति अन्त्य गर्नुपर्नेमा जोड दिएका छन्।



यात्रा नाम दिइएको यो परियोजना सन् २०२६ अप्रिलदेखि २०२९ मार्चसम्म सञ्चालन हुनेछ । परियोजना मधेश र बागमती प्रदेशअन्तर्गत बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, चितवन र काठमाडौं जिल्लामा कार्यान्वयन गरिने जानकारी दिइएको छ।

परियोजनाको कुल बजेट ६ करोड ३९ लाख ९९ हजार ८ सय ९६ रुपैयाँ ६२ पैसा रहेको बताइएको छ।

कार्यक्रममा वक्ताहरूले नेपालको संविधान २०७२ तथा अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ ले कानुनी रूपमा अधिकार सुनिश्चित गरे पनि व्यवहारमा प्रभावकारी कार्यान्वयन हुन नसकेको टिप्पणी गरेका थिए । स्थानीय तहहरूमा अझै पनि अपाङ्गता भएका व्यक्तिहरूलाई अधिकारको विषयभन्दा सहायता र दानको दृष्टिकोणबाट हेरिने मानसिकता कायम रहेको उनीहरूको भनाइ थियो।

अभिमुखीकरण कार्यक्रममा अपाङ्गता भएका युवाहरूको सहभागिता धेरैजसो औपचारिकतामै सीमित रहेको र नेतृत्व तहमा उनीहरूको प्रतिनिधित्व न्यून रहेको विषयमा पनि चिन्ता व्यक्त गरिएको थियो । विश्वविद्यालय तथा तालिम संस्थाहरूमा अधिकारमा आधारित अपाङ्गता अवधारणालाई समावेश नगर्दा भावी नीति निर्माता र सेवा प्रदायकहरूमा आवश्यक संवेदनशीलता विकास हुन नसकेको सहभागीहरूले बताएका छन्।

दृष्टि सम्बन्धी अपाङ्गता भएका युवाहरूद्वारा स्थापना गरिएको संस्थाले सञ्चालन गर्ने उक्त परियोजनाले समावेशी शिक्षा, युवा सशक्तीकरण, रोजगारी प्रवद्र्धन, स्वास्थ्य समानता, यौन तथा प्रजनन स्वास्थ्य, जलवायु न्याय, राजनीतिक सहभागिता तथा नीतिगत पैरवीलाई प्राथमिकतामा राखेको जनाएको छ।

कार्यक्रममा सहभागीहरूले अपाङ्गता भएका व्यक्तिहरूले दैनिक जीवनमा भोगिरहेका समस्या समाधानका लागि समुदाय, स्थानीय तह, स्वास्थ्य संस्था तथा शैक्षिक निकायबीच प्रभावकारी समन्वय आवश्यक रहेको धारणा राखेका थिए । बहिरा व्यक्तिका लागि सांकेतिक भाषाको प्रयोग विस्तार गर्नुपर्ने, दृष्टिविहीन तथा शारीरिक अपाङ्गता भएका व्यक्तिहरूलाई सार्वजनिक सेवामा सहज पहुँच सुनिश्चित गर्नुपर्ने तथा सरकारी निकायहरूलाई थप उत्तरदायी बनाउनुपर्ने माग पनि उठाइएको थियो।

वक्ताहरूले अपाङ्गता भएका व्यक्तिहरूको सवाललाई सामाजिक सेवाको विषयका रूपमा नभई मानवअधिकार र समान अवसरको मुद्दाका रूपमा स्थापित गर्न आवश्यक रहेकोमा जोड दिएका थिए । कार्यक्रममा मधेश प्रदेशका विभिन्न स्थानीय तहका जनप्रतिनिधि, अपाङ्गता अधिकारकर्मी, युवा प्रतिनिधि तथा सामाजिक संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

परियोजनाले आगामी तीन वर्षभित्र अपाङ्गता भएका युवाहरूको नेतृत्व विकास, स्थानीय तहमा नीतिगत प्रभाव विस्तार, तथ्यांक तथा प्रोफाइलिङ प्रणाली विकास तथा समुदायस्तरमा अधिकारमुखी सचेतना अभिवृद्धिमा विशेष ध्यान दिने जनाएको छ।

# त्रिहत्तर वर्षीय चन्दको 'ब्याडमिन्टन' मोह

**महेन्द्रनगर।**
कञ्चनपुरको भीमदत्त नगरपालिका–१८ जानकी टोलका ७३ वर्षीय ग्रिस चन्द हरेक दिन बिहान महेन्द्रनगरस्थित कबर्डहलमा भेटिन्छन् । उमेरले ज्येष्ठ नागरिक भएपनि उनको ब्याडमिन्टन खेलप्रतिको जाँगर, मेहनत र मोह भने लोभलाग्दो छ । विसं २०५६ देखि यस खेलमा लागेका चन्द ब्याडमिन्टन 'कार्ट' मा नपुगी आफ्नो दैनिकी सुरुआत नै नहुने गरेको बताउँछन् । 'ब्याडमिन्टन एकप्रकारले लत जस्तै भइसक्यो, खेल्न नआएको दिन त बेचैन भइन्छ', चन्दले भने, 'यहाँ मेरो उमेर समूहको खेलाडी कोही पनि छैनन्।'



उनले हरेक दिन बिहान ४ः०० बजेदेखि योग साधनामा बिताउने गरेको र त्यसपछि ब्याडमिन्टन खेल्न कबर्डहलमा आउने गरेको सुनाए । व्यायाम, योगसाधना र स्वस्थ्य खानपिन स्वस्थ जीवनका लागि महत्वपूर्ण भएकाले आफू पहिलेदेखि नै यसमा सचेत रहेको चन्दको भनाइ छ । भन्सार अधिकृतबाट २०७० सालमा सेवानिवृत्त भएका उनको अधिकांश समय खेल र योगसाधनामा बित्ने गरेको छ । 'जागिरमा हुँदा धनगढी, नेपालगञ्ज, भैरहवा र वीरगंजसम्म पनि ब्याडमिन्टन खेलेँ । नेपालगञ्ज र वीरगंजमा जिल्लास्तरीय खेलमा तेस्रो स्थान हासिल गरेको सर्टिफिकेट अहिले पनि सुरक्षित राखेको छु', चन्दले भने।

आँखामा केही समस्या भएकाले टाढाको कर्क देख्न समस्या भएपनि अझै धेरै वर्षसम्म खेल्न सक्ने हिम्मत रहेको उनको भनाइ छ । 'नियमित व्यायाम र खानपिनमा ध्यान दिइरहेको छु । शरीरले साथ दिएसम्म ब्याडमिन्टन खेलिरहने सोच छ', चन्दले भने । उनले सुदूरपश्चिममा आफ्नो उमेर समूहको ब्याडमिन्टन खेलाडी पाउन गाह्रो रहेको दाबी गरे । भीमदत्त नगरपालिका–६ का ६९ वर्षीय प्रेमसिंह भाट पनि दशकौँदेखि यहाँ ब्याडमिन्टन खेलमा नियमित सहभागी भइरहेका छन्।

पछिल्लो समय युवा पुस्तामा यस खेलप्रति केही आकर्षण बढेपनि पाको पुस्ताका खेलाडी भने घट्दै गएको उनले बताए। विसं २०६४ यता कबर्डहलमा नियमित खेल्ने गरेको बताउँदै भाटले भेट्रानतर्फ राष्ट्रियस्तरमा उपाधि जितिसकेको जानकारी दिए। 'अब हाम्रो उमेरले राष्ट्रका लागि भन्दा पनि आफ्नो स्वास्थ्यका लागि खेल्ने हो । पछिल्ला दिनमा ब्याडमिन्टन खेल गाउँ–गाउँमा विस्तार हुँदै गएको देख्दा खुसी लाग्छ।' रासस

# मोटरसाइकल चोरी गर्दै गर्दा युवक पक्राउ




**मधेशदृष्टि**
**वीरगंज।**
जिल्ला प्रहरी कार्यालय पर्साले मोटरसाइकल चोरी गर्ने प्रयासमा संलग्न एक युवकलाई नियन्त्रणमा लिएको छ। पक्राउ पर्नेमा अकतर हुसेन रहेका छन्। प्रहरीका अनुसार वीरगंज महानगरपालिका–१३ निवासी २० वर्षीय हुसेनलाई मोटरसाइकल चोरी गर्दै गरेको अवस्थामा स्थानीयवासी र प्रहरीको संयुक्त टोलीले पक्राउ गरेको हो।

गत वैशाख २५ गते साँझ करिब ७ बजेतिर बारा जिल्लाको जितपुर सिमरा उपमहानगरपालिका–७ निवासी ३२ वर्षीय दिपेन्द्र कुमार गुप्ताको नाममा दर्ता रहेको प्र.२–०३–०१९ प ६३५० नम्बरको २२० सीसी क्षमताको कालो–रातो रंगको पल्सर मोटरसाइकल वीरगंज–१३ स्थित नारायणी यातायात कार्यालय अगाडि पार्किङ गरिएको थियो।

सोही क्रममा मोटरसाइकलको लक तोडेर चोरी गरी लैजान खोजिएको अवस्थामा स्थानीयले शंका गरी प्रहरीलाई खबर गरेका थिए । त्यसपछि प्रहरी र स्थानीयवासीको सक्रियतामा मोटरसाइकलसहित अकतर हुसेनलाई नियन्त्रणमा लिन सफल भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेतका अनुसार पक्राउ परेका हुसेनमाथि चोरी सम्बन्धी कसूरमा थप अनुसन्धान प्रक्रिया अघि बढाइएको छ।

# आइतबार विद्यालय बन्द राख्न र किताब एवं पोशाक बिक्री नगर्न महानगरको निर्देशन

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाले आइतबारका दिन अनिवार्य रूपमा पठनपाठन बन्द गर्न संस्थागत विद्यालय तथा मन्टेश्वरीहरूलाई कडा निर्देशन दिएको छ । संघीय सरकारले सरकारी कार्यालयसँगै शैक्षिक संस्थामा पनि हप्तामा दुई दिन अर्थात् शनिबार र आइतबार बिदा दिने व्यवस्था लागू गरेपछि समेत वीरगंजका केही निजी विद्यालयहरूले सार्वजनिक बिदाको दिनमा कक्षा सञ्चालन गरिरहेको पाइएपछि महानगरले यस्तो निर्देशन जारी गरेको हो।




महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाले सूचना जारी गर्दै अर्को आदेश नभएसम्म आइतबार कुनै पनि हालतमा नियमित पठनपाठन सञ्चालन नगर्न स्पष्ट चेतावनी दिएको छ । महाशाखा प्रमुख आनन्द लामिछानेद्वारा जारी सूचनामा केही विद्यालयहरूले सार्वजनिक बिदाको दिनसमेत विद्यार्थी बोलाएर कक्षा सञ्चालन गरिरहेको जानकारी प्राप्त भएकाले त्यसप्रति महानगर गम्भीर बनेको उल्लेख गरिएको छ।

महानगरपालिकाले अब विद्यालयहरूको अनुगमनलाई थप कडाइका साथ अघि बढाउने जनाएको छ। निर्देशन उल्लंघन गर्दै आइतबार विद्यालय सञ्चालन गरेको पाइए कानुनअनुसार कारबाही गरिने चेतावनीसमेत दिइएको छ । यससँगै महानगरपालिकाले विद्यालयभित्रैबाट पाठ्यपुस्तक, विद्यालय पोशाक तथा स्टेशनरी सामग्री बिक्री वितरण भइरहेको गुनासोप्रति पनि आपत्ति जनाएको छ । केही निजी विद्यालयहरूले विद्यालयलाई व्यापारिक केन्द्रकै रूपमा प्रयोग गर्दै अभिभावकमाथि अनावश्यक आर्थिक भार थपिरहेको निष्कर्ष निकाल्दै महानगरले यस्तो गतिविधि तत्काल बन्द गर्न निर्देशन दिएको हो ।महानगरका अनुसार पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेभन्दा बढी तथा अनावश्यक पुस्तक विद्यार्थीलाई प्रयोग गराउने प्रवृत्ति पनि बढ्दो अवस्थामा रहेको पाइएको छ । आवश्यकभन्दा बढी पुस्तकको बोझले बालबालिकाको मानसिक तथा शारीरिक विकासमा प्रत्यक्ष असर पर्ने भन्दै महानगरले यसलाई गम्भीर विषयका रूपमा लिएको जनाएको छ।

विद्यार्थीलाई आवश्यकता नभएका अतिरिक्त पुस्तक खरिद गर्न बाध्य पारेर अभिभावकलाई आर्थिक तनाव दिने तथा बालबालिकामाथि अनावश्यक शैक्षिक दबाब सिर्जना गर्ने कार्य सह्य नहुने महानगरपालिकाको स्पष्ट चेतावनी छ । अनुगमनका क्रममा विद्यालयहरूले अनावश्यक पुस्तक प्रयोग गराएको, विद्यालय परिसरमै किताब तथा पोशाक बिक्री गरेको वा सार्वजनिक बिदाका दिन कक्षा सञ्चालन गरेको पाइए सम्बन्धित विद्यालय प्रशासनमाथि कानुनअनुसार कारबाही प्रक्रिया अघि बढाइने महानगरपालिकाले जनाएको छ।

महानगरपालिकाले शिक्षा क्षेत्रलाई सेवामूलक र मर्यादित बनाउनु पर्नेमा जोड दिँदै विद्यालयलाई व्यापारिक नाफाको माध्यम बनाउने प्रवृत्ति नियन्त्रण गर्न अब थप कडा निगरानी गरिने संकेत दिएको छ।

# पर्सामा लागुऔषधविरुद्ध प्रहरीको महाअभियान हेरोइनसहित ८ जना पक्राउ



**मधेशदृष्टि**
**वीरगंज।**
जिल्ला प्रहरी कार्यालय पर्साले सञ्चालन गरिरहेको 'लागुऔषध सेवनकर्ता खोजी एवं सुधार महाअभियान' अन्तर्गत विभिन्न प्रकारका लागुऔषधसहित ८ जनालाई पक्राउ गरेको छ ।प्रहरीका अनुसार वैशाख २५ गते साँझ वीरगंज महानगरपालिका–१६ स्थित शंकराचार्य गेट चेकपोष्टमा भारतबाट नेपालतर्फ आउने पैदलयात्री तथा सवारी साधनमाथि विशेष जाँच अभियान सञ्चालन गरिएको थियो।

सोही क्रममा प्रहरीले खैरो हेरोइन, सेतो हेरोइन तथा प्रतिबन्धित ट्याब्लेट बरामद गरेको जनाएको छ । पक्राउ पर्नेहरूमा विकास कुमार साह, कबिन पराजुली, सागर घिमिरे, पूजा जिम्बा, अन्जन थापा, रमेश बम्जन, राजु बानिया तथा अलिहदन मियाँ रहेका छन् ।प्रहरीका अनुसार विकास कुमार साह र कबिन पराजुलीको साथबाट ६०० मिलिग्राम खैरो हेरोइन बरामद गरिएको थियो । अन्य पक्राउ परेकाहरूबाट समेत विभिन्न परिमाणमा लागुऔषध फेला परेको जनाइएको छ । घटनास्थलबाट म.प्र.०३–०२८ प ७६५६ नम्बरको मोटरसाइकल पनि प्रहरीले नियन्त्रणमा लिएको छ।

पक्राउ परेकाहरूको ठेगाना भने प्रहरीले सार्वजनिक गरेको छैन । उनीहरूविरुद्ध लागुऔषध नियन्त्रण ऐन अन्तर्गत मुद्दा दर्ता गरी पर्सा जिल्ला अदालतबाट पाँच दिनको म्याद थप अनुमति लिएर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेतले जानकारी दिए।

# रौतहट प्रहरीको लागुऔषध तथा सेवनकर्ता खोजी एवं सुधार अभियान सुरु




**मधेशदृष्टि**
**रौतहट।**
रौतहट प्रहरीले जिल्लामा बढ्दो लागुऔषध दुर्व्यसन नियन्त्रणका लागि 'लागुऔषध नियन्त्रण तथा सेवनकर्ता खोजी एवं सुधार अभियान' सञ्चालनमा ल्याएको छ।

नेपाल–भारत सीमा क्षेत्र तथा जिल्लाको उत्तरी भेग चन्द्रनिगाहपुर आसपास लागुऔषधको प्रयोग र कारोबार बढ्दै गएपछि अभियान सुरु गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । प्रहरी उपरीक्षक सीताराम रिजालका अनुसार चालु आर्थिक वर्ष २०२÷३ मा लागुऔषध कारोबारसम्बन्धी मुद्दामा २६ जनाविरुद्ध मुद्दा दर्ता गरिएको छ भने ६३ जनालाई पक्राउ गरिएको छ।

उनले पक्राउ र कारबाही मात्रै पर्याप्त नभएकाले खोज, उपचार र सुधारलाई सँगसँगै अघि बढाउने उद्देश्यले अभियान सुरु गरिएको बताए। अभियानअन्तर्गत स्थानीय तहमा पुगेर सेवनकर्ताको पहिचान, तथ्याङ्क सङ्कलन, परामर्श, सचेतना तथा आवश्यक उपचार र पुनःस्थापनाका कार्यक्रम सञ्चालन गरिने जनाइएको छ।

प्रहरीका अनुसार अभिभावक, शिक्षक, जनप्रतिनिधि, स्वास्थ्य संस्था तथा सामाजिक सङ्घसंस्थासँग सहकार्य गरी अभियान प्रभावकारी बनाइनेछ।

यसैबीच, स्वास्थ्य कार्यालय रौतहटका प्रमुख राजेश सिंहका अनुसार जिल्लामा एचआइभी एड्स सङ्क्रमितको संख्या ५४० पुगेको छ । तीमध्ये ४२५ जनाले नियमित औषधि सेवन गरिरहेका छन्।

# मेयर पौडेलविरुद्ध सामाजिक सञ्जालमा फैलाइएको घृणाजन्य तस्विरलाई लिएर विवाद

**मधेशदृष्टि**
**जितपुरसिमरा।**
जीतपुरसिमरा उपमहानगरपालिकाका मेयर राजन पौडेल विरुद्ध सामाजिक सञ्जालमा फैलाइएको एक घृणाजन्य तस्वीरलाई लिएर विवाद चर्किएको छ । भ्रामक सामग्रीमार्फत चरित्रहत्या गरिएको आरोप संगै घृणायुक्त तश्बिर सार्वजनिक गरिएको भन्दै सो विरुद्ध मेयर पौडेलले नेपाल प्रहरीको साइबर ब्यूरोमा उजुरी दिएका हुन्।

सामाजिक सञ्जाल फेसबुकमार्फत सार्वजनिक गरिएको उक्त तस्वीरमा एआई प्रविधिबाट तयार गरिएको जस्तो देखिने दृश्यमा मेयरसँग मिल्दोजुल्दो अनुहार भएको व्यक्ति कार्यालयजस्तो स्थानमा कुकुरसँग एउटै थालमा भासुभात खाइरहेको देखाइएको छ।

मेयर पौडेलले आफूलाई बदनाम गर्ने उद्देश्यले योजनाबद्ध रूपमा भ्रामक सामग्री फैलाइएको दाबी गरेका छन्।

उनले घटनाबारे साइबर ब्यूरो, मधेस प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय बारा तथा इलाका प्रहरी कार्यालय सिमरालाई जानकारी गराइसकेको बताएका छन् । सामाजिक सञ्जाललाई व्यक्तिगत प्रतिशोध र चरित्रहत्या गर्ने माध्यम बनाउन नहुने उनको भनाइ छ।

# बस एकआपसमा ठोक्किँदा १७ जना यात्रु घाइते

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको मिथिला नगरपालिका–९ स्थित फुटबल ग्राउण्ड नजिक पूर्व–पश्चिम लोकमार्गमा आइतबार बिहान दुई बस एकआपसमा ठोक्किँदा १७ जना घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालयका निमित्त कार्यालय प्रमुख डीएसपी गणेश बहादुर बमका अनुसार बिहान करिब ५:५० बजे काठमाडौंबाट विराटनगरतर्फ जाँदै गरेको प्र १–०१–००१ ख ४२२४ नम्बरको बसलाई सोही दिशाबाट काँकडभिट्टातर्फ जाँदै गरेको बा.प्र.०१–००६ ख ५२३७ नम्बरको बसले ओभरटेक गर्ने क्रममा पछाडिबाट ठक्कर दिएको थियो।

ठक्करपछि बा.प्र.०१–००६ ख ५२३७ नम्बरको बस अनियन्त्रित भई सडकमा पल्टिएको हो। दुर्घटनामा बसमा सवार करिब ३३ यात्रुमध्ये १७ जना घाइते भएका छन् । घाइतेहरूको लालगढस्थित मोडल अस्पतालमा उपचार भइरहेको छ । अधिकांश घाइतेको अवस्था सामान्यदेखि मध्यम रहेको प्रहरीले जनाएको छ।

# रक्सौलमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण प्रक्रिया तीव्र

**मधेशदृष्टि**
**रक्सौल।**
नेपालको सीमावर्ती भारतीय सहर रक्सौलमा अन्तर्राष्ट्रिय स्तरको विमानस्थल निर्माण प्रक्रिया तीव्र रूपमा अघि बढेको छ । परियोजना पूरा भएपछि यो विमानस्थल पटना एयरपोर्टभन्दा पनि ठूलो हुने दाबी गरिएको छ।

प्रस्तावित विमानस्थल अत्याधुनिक संरचना सहित ठूलो हबका रूपमा विकास गरिने तयारी भारत सरकारले गरेको छ । विभान स्थलको रनवे तिलावे नदी किनारसम्म विस्तार गरिने भएको छ, जसले ठूला विमानको अवतरण र उडानलाई सहज बनाउने अपेक्षा गरिएको छ।

परियोजनाका लागि करिब १३९ एकड जमिन आवश्यक पर्नेमा झन्डै ७० प्रतिशत अधिग्रहण पूरा भइसकेको छ।

सो क्षेत्रका विद्यायक सांसद डा. संजय जायसवालका अनुसार कन्सल्टेन्ट छनोटका लागि टेन्डर आह्वान भइसकेको छ, आगामी तीन महिनाभित्र विस्तृत डिजाइन तयार हुनेछ।

निर्माण कार्य सम्पन्न गर्न १८ महिनाको समयसीमा तोकिएको छ। विमानस्थल सञ्चालनमा आएपछि रक्सौल क्षेत्रको व्यापार, पर्यटन र रोजगारीमा ठूलो वृद्धि हुने विश्वास गरिएको छ।

# वीरगंजमै अब मेडिकल र इञ्जिनियरिङ तयारी फेम इन्स्टिच्युटद्वारा नयाँ भर्ना खुला

**मधेशदृष्टि**
**वीरगंज।**
'नाम मात्र निकाल्ने होइन, नाम कमाउने तयारी गर्नुहोस्' भन्ने नारासहित फेम इन्स्टिच्युटले वीरगंज तथा आसपासका क्षेत्रका +२ उत्तीर्ण विद्यार्थीहरूलाई लक्षित गर्दै मेडिकल, इञ्जिनियरिङ तथा म्यानेजमेन्ट प्रवेश तयारी कक्षाको नयाँ भर्ना अभियान सुरु गरेको छ।

संस्थाले एमबीबीएस, बीडीएस, नर्सिङ, बी.फार्मेसी, आईओई इञ्जिनियरिङ प्रवेश परीक्षा तथा सीएम्याट र म्यानेजमेन्ट तयारीसम्बन्धी विशेष कक्षा सञ्चालन गर्ने जनाएको छ। +२ परीक्षा सम्पन्न भएसँगै विद्यार्थीहरूलाई तयारी कक्षाका लागि काठमाडौं जानुपर्ने बाध्यता अन्त्य गर्दै वीरगंजमै गुणस्तरीय शिक्षा उपलब्ध गराउने उद्देश्यले कार्यक्रम विस्तार गरिएको संस्थाले जनाएको हो।

संस्थाका अनुसार सीमित सिटमा मात्र कक्षा सञ्चालन हुने भएकाले इच्छुक विद्यार्थीलाई समयमै भर्ना हुन आग्रह गरिएको छ। मेडिकल, इञ्जिनियरिङ तथा म्यानेजमेन्ट प्रवेश परीक्षाका लागि अनुभवी शिक्षकद्वारा विशेष मार्गदर्शन र नियमित अभ्यास कक्षा सञ्चालन गरिने जनाइएको छ।

'डाक्टर, इञ्जिनियर वा म्यानेजर बन्ने सपना अब आफ्नै शहरबाट सम्भव' भन्ने सन्देशसहित संस्थाले विद्यार्थीहरूको भविष्य निर्माणमा केन्द्रित कार्यक्रम अघि बढाएको जनाएको छ। वीरगंज महानगरपालिका–१२, पर्सास्थित नेशनल ट्रेडिङ भवनको छेउमा रहेको संस्थाले नियमित डेमो कक्षासमेत सञ्चालन गरिरहेको जानकारी दिएको छ। साथै, नाम दर्ता तथा थप जानकारीका लागि विभिन्न सम्पर्क नम्बरहरू सार्वजनिक गरिएको संस्थाले जनाएको छ।

अध्ययनप्रति गम्भीर र प्रतिस्पर्धात्मक परीक्षाको तयारी गरिरहेका विद्यार्थीका लागि यो अभियान उपयोगी अवसर बन्ने विश्वास गरिएको छ।

# आगलागीबाट १२ घरगोठ जलेर नष्ट

**मधेशदृष्टि**
**सप्तरी।**
सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका–६ वभनगामा टोलमा गएराति भएको आगलागीमा १२ वटा घरगोठ जलेका छन् । आगलागीबाट ६ परिवारको १२ वटा घरगोठ जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

स्थानीय रामअवतार यादवको गाई गोठमा बालिएको घुरबाट आगो सल्केको र उहाँका दुईवटा घर र एउटा गोठ, छिमेकी जुगाइ यादवको दुईवटा घर र एउटा गोठ, अनिल यादवको दुई वटा घर एउटा गोठ, योगिन्द्र यादव, राजकुमार यादव, धीरेन्द्र यादवको एक÷एक वटा घरसहित १२ वटा घर गोठमा क्षति भएको हो ।खाद्यान्न, लत्ताकपडा, गरगहना, फर्निचरलगायत नगदसहित ४५ लाख रुपैयाँभन्दा धेरैको धनमाल नष्ट भएको प्रहरीको प्रारम्भिक अनुमान छ । गएराति सल्केको आगो हनुमाननगर कङ्कालिनी नगरपालिका, मधेस–प्रदेश प्रहरी तालिम केन्द्र राजविराजको बारुण यन्त्र र स्थानीयवासीको सहयोगमा निभाइएको छ।

# ३ हजार घरपरिवारलाई इन्डक्सन चुल्हा वितरण

**मधेशदृष्टि**
**जनकपुरधाम।**
सर्लाहीको बसवरिया गाउँपालिकामा वैकल्पिक ऊर्जाको प्रयोगलाई बढावा दिने उद्देश्यले ३ हजार घरपरिवारलाई इन्डक्सन चुल्हा वितरण गरिएको छ । अन्तर्राष्ट्रिय परिस्थितिका कारण एलपी ग्यासको आपूर्ति र मूल्यमा असर पर्न सक्ने सम्भावनालाई ध्यानमा राख्दै कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ।

इन्डक्सन चुल्हा वितरण कार्यक्रम नेपाली कांग्रेस मधेश प्रदेशका उपसभापति तथा प्रदेशसभा सदस्य बिरेन्द्र प्रसाद सिंह को पहलमा सम्पन्न भएको हो। कार्यक्रममा उनी प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए।

आयोजक संस्थाका अनुसार एका नेपाल र वाग्मती सेवा समाज को सहयोगमा गाउँपालिकाभित्र चरणबद्ध रूपमा ३ हजार घरपरिवारलाई इन्डक्सन चुल्हा वितरण गरिनेछ।

कार्यक्रममा स्थानीय जनप्रतिनिधि, समाजसेवी, विभिन्न राजनीतिक दलका प्रतिनिधि तथा स्थानीयवासीको उल्लेख्य सहभागिता रहेको थियो । सहभागीहरूले एलपी ग्यासमा बढ्दो निर्भरता घटाउन र वातावरणमैत्री ऊर्जाको प्रयोग विस्तार गर्न यस्ता कार्यक्रम प्रभावकारी हुने धारणा राखेका छन्। स्थानीयवासीहरूले वैकल्पिक ऊर्जाको प्रयोगले दीर्घकालीन रूपमा आर्थिक बचतका साथै वातावरण संरक्षणमा समेत टेवा पुग्ने विश्वास व्यक्त गरेका छन्।

## सम्पादकीय

# सीमामा निगरानी, पर्सा र मोरङ नाकामा कडाइ

पर्सा र मोरङ जिल्लाका सीमा नाकाहरूमा सुरक्षा निगरानी कडा पार्दै नेपाल प्रवेश गर्ने व्यक्तिहरूका लागि परिचयपत्र अनिवार्य गर्ने निर्णयले राष्ट्रिय सुरक्षा र सुव्यवस्था कायम राख्न महत्वपूर्ण कदम चालेको छ । सीमा क्षेत्रमा बढ्दो अवैध घुसपैठ, आपराधिक गतिविधि र अन्य सुरक्षा चुनौतीहरूलाई नियन्त्रण गर्ने उद्देश्यले पर्सा र मोरङ जिल्ला सुरक्षा समितिले यो निर्णय गरेको हो। यसले सीमा व्यवस्थापनमा नेपाल सरकारको दृढता र नागरिकको सुरक्षाप्रतिको संवेदनशीलतालाई उजागर गर्दछ।

यी दुई जिल्लाका सीमावर्ती नाकाहरू लामो समयदेखि संवेदनशील मानिँदै आएका छन् । मोरङका सहायक प्रमुख जिल्ला अधिकारी सरोज कोइरालाले यो निर्णय नेपाल पक्षको आन्तरिक सुरक्षा सतर्कताअन्तर्गत गरिएको स्पष्ट पारेका छन्। भारतको पश्चिम बंगाल क्षेत्रमा हालैका राजनीतिक घटनाक्रमपछि सम्भावित अवैध आवतजावतलाई ध्यानमा राख्दै प्रशासनले विशेष सतर्कता अपनाउनु स्वाभाविक र आवश्यक देखिन्छ । यस प्रकारका आन्तरिक सुरक्षा रणनीतिहरूले देशको सार्वभौमिकता र अखण्डतालाई सुदृढ बनाउन मद्दत गर्दछ।

विशेषगरी, कलकत्ताबाट जोगबनी आउने रेलमार्फत ठूलो संख्यामा व्यक्तिहरू नेपाल प्रवेश गर्न सक्ने अनुमान गर्दै प्रहरीले रेल आगमनको समयमा निगरानी बढाएको छ । यो विशेष सतर्कताले कुनै पनि सम्भावित सुरक्षा जोखिमलाई न्यूनीकरण गर्न महत्वपूर्ण भूमिका खेल्छ । सीमामा हुने अनियन्त्रित आवागमनले राष्ट्रिय सुरक्षामा मात्र नभई सामाजिक र आर्थिक क्षेत्रमा पनि नकारात्मक असर पार्न सक्छ, जसलाई समयमै सम्बोधन गर्नु बुद्धिमानीपूर्ण कार्य हो।

प्रशासनले सीमामा परिचयपत्र जाँचलाई कडाइ गर्नुका साथै तालिमप्राप्त कुकुरको समेत प्रयोग गरेर चेकजाँचलाई प्रभावकारी बनाएको छ । आधुनिक प्रविधि र प्रशिक्षित जनशक्तिको प्रयोगले सीमा सुरक्षालाई अझ बढी विश्वसनीय र प्रभावकारी बनाउँछ। यसले अवैध सामानको ओसारपसार र मानव बेचबिखन जस्ता अपराधहरूलाई पनि निरुत्साहित गर्न मद्दत पुग्छ।

सुरक्षा निकायले सीमावर्ती क्षेत्रमा फरार अभियुक्तहरूको आवतजावत नियन्त्रण गर्ने उद्देश्यसमेत रहेको बताएका छन् । यसले अपराध नियन्त्रणमा मात्र नभई न्याय प्रणालीलाई पनि बलियो बनाउँछ । समग्रमा, पर्सा र मोरङका सीमा नाकाहरूमा लागू गरिएका यी कडा सुरक्षा उपायहरूले नेपालको आन्तरिक सुरक्षालाई सुदृढ पार्दै राष्ट्रिय हितको रक्षा गर्न महत्वपूर्ण योगदान पुऱ्याउनेछ।

# विजय–बालेन समान रणनीतिबाट सफल

***हिजोका दिनमा फिल्म क्षेत्रमा रहँदा विजयको स्वभाव आजको भन्दा फरक थिएन । उनका अन्तर्वार्ता खासै भेटिँदैनन् । बरु, आफ्ना विचार प्रायः सोसल मिडियाबाट सार्वजनिक गर्छन् । ¥यापर हुँदै राजनीतिमा आएका बालेनको चरित्र पनि योभन्दा भिन्न छैन ।***



**–सुजित महत**



**– किरण दहाल**

'पहिलो चुनाव हार्नका लागि, दोस्रो चुनाव हराउनका लागि तेस्रो चुनाव बल्ल जित्नका लागि लड'– भारतमा राजनीतिमा दलित समुदायको बलियो उपस्थितिका लागि आजीवन सक्रिय काशीरामले नयाँ पार्टीका लागि भनेको कुरा सान्दर्भिक नै ठानिन्छ । चुनाव जिताउन माहिर प्रशान्तकिशोर आफै पार्टी बनाएर बिहारको विधानसभा चुनावमा उत्रिँदा पानीधरि मागेनन्। अपवाद त भइहाल्छ। प्रशान्तकिशोरको पार्टीका उम्मेदवारहरू अधिकांशले जमानतै जोगाउन नसकेको चार महिनापछि तामिलनाडुमा भने सिने सुपरस्टार विजय जोसेफ चन्द्रशेखर (थलपती विजय)ले काशीरामको भनाइलाई गलत साबित गरिदिए– दुई वर्षअघि पार्टी स्थापना गरी सामना गरेको पहिलो चुनावमै तमिलगा भेत्री कझगम (टीभीके)ले झन्डै–झन्डै बहुमतकै आँकडा छोइदियो।

भारतमै सन २०११ मा भ्रष्टाचारविरुद्ध आन्दोलन गरी त्यसैको जगमा एक वर्षअघि बनाइएको आम आदमी पार्टी (आप)ले २०१३ को ७० सदस्यीय दिल्ली विधानसभा चुनावमा प्रतिस्पर्धा गर्दा २८ सिट जितेको थियो। २०१५ मा भएको मध्यावधि चुनावमा त ६७ सिट जितेर दिग्विजय नै ग¥यो। हामीकहाँ पनि स्थापनाको पाँचौँ महिनामै चुनावी प्रतिस्पर्धामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले २१ सिटसहित प्रतिनिधि सभामा दह्रो उपस्थिति जनाएको थियो। काठमाडौँको मेयर उम्मेदवारको रूपमा राजनीतिमा प्रवेश गरी आश्चर्यचकित पार्ने जनमत प्राप्त गरेका बालेन्द्र शाहले आमचुनावको दुई महिनाअघि राष्ट्रिय राजनीतिमा छिरेर अर्को आश्चर्यचकित पार्ने (आठ दशक पुराना दलहरूका लागि विस्मयकारी) दिग्विजय हासिल गरेकै हुन्।

सामाजिक सञ्जालको जमानामा त झनै पार्टी गठन, संगठन विस्तार गरी जनमत पाउन लामो र कठोर मेहनतको आवश्यकता कम हुँदै गएको छ। 'कन्टेन्ट क्रियटर' नेता भइहाल्ने अवस्था छ भने नेता स्वयं कन्टेन्ट क्रियटरजस्तै देखिन्छन्।

**बालेन्द्र–विजय 'क्याम्पेन'मा समानता**

थलपति विजयको टीभीकेले बालेन्द्र अगुवाइको रास्वपाकै जस्तो प्रचण्ड बहुमत प्राप्त गर्न नसके पनि २३४ सदस्यीय तमिलनाडु विधानसभामा १०७ सिट जितेर सबैलाई आश्चर्यचकित नै पारेको छ । ६ दशक (सन् १९६७) देखि दुई पार्टी 'डीएमके' र 'एआईएडीएमके'ले रजगज गरिरहेको प्रान्तमा दुई वर्षअघि गठित पार्टीको यो जित कम आश्चर्यजनक होइन।

चुनाव प्रचारका क्रममा विजय सकेसम्म मौन नै रहे, बालेन्द्रजस्तै। चुनावी अभियानमा कुल ३५ मिनेट भाषण गरेका थिए। बालेन्द्रले सायद २७ मिनेटजति भाषण गरे । विजयले कुनै अन्तर्वार्ता दिएनन्, पत्रकार सम्मेलनबाट परै रहे । पत्रकार राजदीप सरदेसाईलाई समय दिएर एक घण्टा अनौपचारिक गफगाफ गरे पनि अन्तर्वार्ता दिन मरिकाट्टे मानेनन् । अहंकारीको आरोप सुने, तर बोलेनन् । मुख्यमन्त्री एमके स्टालिनले चुनावी प्रचारका क्रममा ३५६ मिनेट भाषण गरेका थिए। एआईएडीएमके नेता इडापट्टि पलानास्वामी (ईपीएस)ले त झन् आठ सय मिनेट भाषण (२१ चोटि गरी) ठोकेका थिए। जम्माजम्मी दुई वटा रोड शो र दुइटै भाषणका कार्यक्रम थिए, विजयका । अरूले धेरै बोलेर मतदातामा प्रभाव छाड्न खोजिरहँदा विजयचाहिँ एकदम कम बोलेर आकर्षित गरिरहेका थिए।

भाषणकला, वैचारिक स्पष्टताको अभावका कारण नबोल्ने, तर नबोलेकोलाई कमजोरीका रूपमा नभई शक्तिको रूपमा न्यारेटिभ बनाउने रणनीति दुवै नेताले अपनाए । चुनाव प्रचारमा टीभीकेले ब्राह्मणवादी भएको आरोप लगाउँदै अंग्रेजकै जमानामा कांग्रेस परित्याग गरी छुवाछूतविरोधी आन्दोलन, भाषा आन्दोलन गरेका पेरियारको फोटो पनि प्रयोग ग¥यो भने स्वतन्त्रतापछि मुख्यमन्त्री र कांग्रेसको राष्ट्रिय अध्यक्ष भएका के कामराजको फोटो पनि प्रयोग ग¥यो । दलित नेता अम्बेडकरका साथै द्रविड आन्दोलनका नेता अन्नादुराईको फोटो पनि प्रयोग गरी सबैलाई आकर्षित गर्न खोजेको थियो। हाम्रामा जनकपुरमा मैथिलीमा भाषण गरी चुनावी प्रचार शुरू गरेका बालेन्द्रको लवाईचाहिँ 'एउटा भाषा, एउटै भेष'का प्रणेता राजा महेन्द्रको झझल्को दिने रहन्थ्यो।

प्रशान्तकिशोर 'कन्सल्ट्यान्ट' **भूमिकामा रहेको चुनावी अभियानमा छोटो–मिठो–प्रभावशाली** 'क्याम्पेन'को रणनीति अपनाइएको थियो । मतदातालाई भावनात्मक रूपमा जोड्ने सन्देश प्रवाहमा केन्द्रित गरिएको थियो । 'लेस इज मोर फिलसफी'लाई मूलमन्त्र बनाइएको थियो।

चुनावी प्रचारको मुख्य मिसाइल सोसल मिडिया त थियो, तर विजय आफ्नै अकाउन्टमा चाहिँ खासै उपस्थित थिएनन्। चुनावी प्रचारका दौरान उनका अकाउन्टबाट जम्माजम्मी तीन वटा पोस्ट भएका थिए। जबकि समर्थक–प्रशंसकहरू त स्वतःस्फूर्त सामाजिक सञ्जालमा सक्रिय थिए नै, संगठित डिजिटल सेना सक्रिय थियो । विजय मक्कल लयकम (भीएमआई) नामको फ्यानपेज प्रचारमा प्रभावकारी थियो।

बालेन्द्रले गरेको पनि यस्तै नै थियो। भारी फलोअर भएका उनका अकाउन्टहरूबाट खासै पोस्ट भएनन्। समर्थक र संगठित साइबर सेनाले त प्रतिस्पर्धीहरू छेउछाउ ढिम्किनै नसक्ने गरी 'अल्गोरिदम' कब्जा गरेका थिए।

हाम्रो आमचुनावमा रास्वपालाई चुनावचिह्न 'घण्टी' नै वरदान बनिदिएको थियो। स–साना घण्टी बोकेर हिँड्यो बजाइदियो, प्रचार। मन्दिरमा ठूल्ठूला घण्टी, बजाइदियो प्रचार । तामिलनाडुमा टीभीकेलाई चुनावचिह्न त्यस्तै वरदान बनिदियो । सिट्ठी फुक्न लगाइदियो प्रचार भइहाल्यो।

सांस्कृतिक प्रतीकको रूपमा प्रयोग गरियो । गठबन्धन नगरेका कारण नयाँ पार्टी हो, अरूभन्दा फरक छौँ भनेर मतदातालाई विश्वास दिलाउन सहज भयो। मार्च २०२५ मै प्रशान्तकिशोरले एक्लै लडे विजयले बहुमत ल्याउने दाबी गरेका थिए, जुन करिब–करिब सत्य साबित भयो। जेन्जी र महिला मतदातालाई केन्द्रमा राखेर घोषणा पत्र लेखिएको थियो। टीभीकेले पाएको मतमा ५० प्रतिशत महिला र युवाबाटै प्राप्त भएको अनुमान छ। यहाँ रास्वपाले पनि जेन्जी र महिलामा अझ बढी मत पाएको अनुमान गरिन्छ।

सेप्टेम्बर २०२५ मा करुर भन्ने ठाउँमा टीभीकेको ¥यालीको क्रममा भागदौड मच्चिँदा ४१ जनाको मृत्यु भयो भने ९० भन्दा बढी घाइते भए। निर्धारित समयभन्दा ८ घण्टा अबेर विजय पुग्नासाथ भागदौड भई घटना भएको थियो। भागदौड मच्चिएपछि उनी कार्यक्रमस्थलबाट बाहिरिए। काफी आलोचित भए । घटनापछि पीडित परिवार, घाइतेहरूलाई भेट्न आवश्यक पनि ठानेनन् । चौतर्फी आलोचनापछि बल्ल मुख खोले, भिडियो सन्देशमार्फत घटनाप्रति दुःख व्यक्त गरे । मृतक परिवारलाई ४० लाख (भारु)को दरले आर्थिक सहायता दिने घोषणा गरे।

यहाँ बालेन्द्रले भदौ २३ गतेको जेन्जी प्रदर्शनमा ऐक्यबद्धता जनाए । भोलिपल्ट देशै दनदनी बलिरहँदा बल्लतल्ल प्रदर्शनकारीलाई सडकबाट घर फर्किन आह्वान गरे। घाइतेहरूलाई भेट्न गएनन्, न २३ गते पुलिस गोलीबाट ज्यान गुमाएकाहरूको सामूहिक अन्त्येष्टिमै सहभागी भए । तैपनि त्यो आन्दोलन समर्थकहरूको भोट स्वाटसुट्टै उनको पक्षमा गयो।

टीभीकेले चुनावमा गरिब महिलाको बिहेमा ८ ग्राम सुन र एउटा रेशमी साडी, परिवारको मूली महिलालाई मासिक २ हजार ५ सय भत्ता, प्रत्येक परिवारलाई वर्षको ६ सिलिन्डर ग्यास, नवजात शिशुलाई एउटा सुनको औँठी दिने वाचा गरेको छ। यस्तै, महिलालाई निःशुल्क बसयात्रा, ज्येष्ठ नागरिक–विधवा, शारीरिक अपांगता भएकालाई प्रत्येक परिवारलाई २५ लाखको बीमा, दुई सय युनिट बिजुली निःशुल्क, किसानलाई ऋण, पेड इन्टर्नसिप प्लस टु पासलाई।

थलपति विजयले सन् २०२४ को फेब्रुअरीमा दल घोषणा गरी एक्स (ट्विटर)मा उनले भनेका थिए, 'तपाईंहरूलाई तमिलनाडुको राजनीतिक अवस्थाबारे राम्रो जानकारी छ। एकातर्फ असक्षम प्रशासन र भ्रष्ट राजनीतिक संस्कृति छ भने अर्कोतर्फ जात, धर्म र सम्प्रदायका आधारमा मानिस विभाजन गर्ने राजनीति चलेको छ। यी दुवैले हाम्रो प्रगतिमा बाधा पु¥याएको छ ।' उति बेलै विधानसभा चुनावमा भाग लिने घोषणा गरेका उनले सन् २०२४ को लोकसभा चुनावमा कुनै चासो देखाएनन् । 'राजनीति मनोरञ्जन होइन, गहिरो समर्पण हो,' भनेका उनले सिनेमा क्षेत्रबाट संन्यासको घोषणा गरेका थिए।

विजयले राजनीतिक दल खोल्दै गर्दा उनकै सिनेमा 'पोक्किरी'को एक संवाद खुब चर्चित भएको थियो। त्यसमा उनी भन्छन्, 'यदि मैले एकपटक कुनै निर्णय गरेँ भने, म त्यसबाट पछि हट्दिनँ।' ब्लकबस्टर हिट 'पोक्किरी' हेर्ने दर्शकमाझ यो संवाद आज पनि उत्तिकै लोकप्रिय छ । आज पनि इन्स्टाग्राम र फेसबुकमा यो डाइलगराखेर बनाइएका रिल प्रशस्त भेटिन्छन्।

हिन्दुस्तान टाइम्सले बताएअनुसार दल खोलेको ८ महिनापछि, अर्थात् २७ अक्टोबर २०२४ मा उनले पहिलो राजनीतिकसभा गरेका थिए । चेन्नईबाट करिब १६० किलोमिटर टाढा विक्रवाण्डीमा आयोजित उनको पहिलो राजनीतिकसभामा ८० हजारभन्दा बढी मानिस सहभागी थिए।हिन्दुस्तान टाइम्स भन्छ, 'सो सभामा विजयले आफ्नो पार्टीले धर्मनिरपेक्ष विचारधारालाई प्रवर्द्धन गर्ने र सामाजिक न्याय, समानतावाद तथा दुई–भाषा नीतिलाई समर्थन गर्ने बताएका थिए।'

हिजोका दिनमा फिल्म क्षेत्रमा रहँदा विजयको स्वभाव आजको भन्दा फरक थिएन । उनका अन्तर्वार्ता खासै भेटिँदैनन् । बरु, आफ्ना विचार प्रायः सोसल मिडियाबाट सार्वजनिक गर्छन्। उनी संयमित र शान्त स्वभावका देखिन्छन्। ¥यापर हुँदै राजनीतिमा आएका बालेनको चरित्र पनि योभन्दा भिन्न छैन। चेन्नाइमै जन्मेहुर्केका र एसियन कलेज अफ जर्नालिजमबाट स्नातकोत्तर गरेका सिद्धार्थ श्रीराम विजयबारे उकालोसँग भन्छन्, 'अहिलेसम्म विजयबारे सबैभन्दा ठूलो र आश्चर्यजनक कुरा यही छ कि राजनीतिमा प्रवेश गरेपछि उनले मिडियाको सामना गरेका छैनन्। अरू नेताहरू कति खराब छन् भनेर चित्रित गर्दै उनी राजनीतिमा आए हुन्। उनले आफै भने अहिलेसम्म कहिल्यै पनि प्रत्यक्ष रूपमा प्रश्नको सामना गरेका छैनन्। उनका बारेमा धेरै कुरा बुझ्नै बाँकी छ। उनी रहस्यमयी लाग्छन्।'

वास्तविक जीवनमा विजय राजनीतिमा प्रवेश गर्नुअघि निकै संकोची स्वभावका थिए । उनी आफ्ना चलचित्रबाहेक अन्य सार्वजनिक कार्यक्रममा खासै देखिँदैन थिए। अहिले मानिसले उनलाई समर्थन गर्नुको एउटा कारण उनको सुपरस्टार छवि पनि हो। विजय अत्यन्तै ठूलो फिल्म स्टार हुन् र दशकौँदेखि तमिलनाडुमा उनको अत्यन्त ठूलो प्रशंसक छन् । कतिसम्म भने उनका हरेक फिल्म रिलिज हुनु भनेको दक्षिण भारतीय नागरिकका निम्ति ठूलो चाडपर्व आएजस्तो हुन्थ्यो। उनको समर्थनको ठूलो हिस्सा विशेष गरी जेन्जी वा युवा वर्गका छन् भन्नु अतिशयोक्ति हुँदैन । यो पुस्ताले उनी राजनीतिमा आउँदा पनि उही समर्थन कायम राख्यो, जुन समर्थन फिल्मकर्मी हुँदा थियो।

विजयलाई राजनीतिज्ञका रूपमा पनि तामिलनाडुका जनताले समर्थन गरे । उनीप्रति नागरिकमा आशा र भरोसा कायम रहनुको अर्को मुख्य कारण पुराना पार्टीप्रतिको वितृष्णा पनि हो। पुराना दलप्रति मतदातामा उदासीनता थियो। लामो समयदेखि तमिलनाडुमा सत्ता प्रायः डीएमके र एडीएमकेबीच मात्र साटासाट हुँदै आएको थियो। प्रायः चुनावमा यी दुई दलको वर्चस्व र प्रतिस्पर्धा हुन्थ्यो । यसले मानिसलाई आजित बनाइसकेको थियो। विशेष गरी सन् २०१६ मा जे. जयललिताको निधनपछि एडीएमके कमजोर बन्दै गएको विश्लेषण गरिन्छ। यो दलभित्रको आन्तरिक विवादका कारण डीएमकेसँग प्रतिस्पर्धा गर्न गाह्रो भयो । अन्ततः पछिल्लो समय डीएमके सत्तामा आयो। डीएमकेले अत्यधिक राम्रो र उन्नत काम गरेकाले उसलाई मानिसले सत्तामा पु¥याएका होइनन्। तर बलियो विकल्पको अभावमा मानिसहरूले त्यसलाई नै रोज्ने अवस्था बनेको थियो।

राजनीतिमा विजयको प्रवेश त्यहाँका नागरिकमा परिवर्तनको आशा सञ्चार गरिदियो । श्रीराम भन्छन्, 'यहाँ धेरैले उनलाई नयाँ अनुहारका रूपमा विश्वास गर्न सक्ने व्यक्तिका रूपमा हेर्न थालेका छन्। तर, राजनीतिमा उनको क्षमताको परीक्षण भएको छैन । उनले कस्तो काम गर्लान्, हेर्न बाँकी छ । अहिलेसम्म त उनको पहिचान मुख्यतः करिश्माटिक अभिनेताकै रूपमा रहेको छ।'

टाइम्स अफ इन्डियाले उनको जितका पछाडि पाँच वटा कारण देखाएको छ । एक, विजयको फिल्मी लोकप्रियता राजनीतिमा पनि देखियो। उनको ठूलो फ्यानबेसले चुनावमा ठूलो योगदान पु¥यायो। दुई, युवाले उनलाई नयाँ र ऊर्जावान् विकल्पका रूपमा हेरे । तीन, पुराना दलहरूप्रति असन्तोष र परिवर्तनको चाहनाले फाइदा पुग्यो। चार, विभिन्न सामाजिक र राजनीतिक समूहसँगको सहकार्यले उनीप्रति व्यापक समर्थन भयो । पाँच, भ्रष्टाचारविरुद्ध, विकास र सुशासनजस्ता मुद्दामा केन्द्रित अभियानले मतदातालाई आकर्षित ग¥यो।

तमिलगा वेत्री कझगम (टीभीके)ले 'अप्रत्याशित' नतिजा हात पारेपछि अहिले विजयको एउटा पुरानो भिडियो सोसल मिडियामा भाइरल भएको छ। उनी भन्छन्, 'जंगलमा धेरै स्याल र अरू जनावर हुन्छन्, तर सिंह भने एउटा मात्र हुन्छ। र ऊ एक्लै भए पनि जंगलको राजा हुन्छ।' उकालो

# कालापानी क्षेत्र:
# 'तीन गाउँ भारतमै छन्, लिम्पियाधुराको त के कुरा'

**–शरद केसी**

काठमाडौँमा बेला बखत कालापानीको मुद्दा निकै चर्किन्छ । बहस व्यापक हुन्छ । तर दार्चुलाको व्यास गाउँपालिकाको वडा नम्बर १ मा पर्ने कालापानी क्षेत्रका बासिन्दालाई त्यसले खासै विश्वास जगाएको पाइँदैन।

संसद्बाट सर्वसम्मतिले पारित भएपछि लिम्पियाधुरासम्मको भूभाग नेपालको नक्सामा अङ्कित भएको छ।

गाउँपालिकाका उपाध्यक्ष विनोदसिंह कुँवरका अनुसार गाउँपालिकाले त्यही नक्सा 'प्रयोग' गर्छ, आफ्नो भूभागको अलग नक्सा बनाएको छैन।

'हाम्रो १ नम्बर वडाका तीन गाउँ कुटी, नावी, गुन्जी अझै उतै (भारतमा) छन्,' नक्साको सन्दर्भ उल्लेख गर्दै उपाध्यक्ष कुँवर भन्छन्, 'दुई वटा गाउँ छाङ्गरू र तिङ्कर नेपालमा छन्।'

ती दुई गाउँका बासिन्दा हिउँद याम सुरु भएपछि ६ महिना सदरमुकाम खलङ्गा बसाइ सर्छन् । सदरमुकाम आउजाउ गर्न उनीहरूले भारतीय भूमि प्रयोग गर्नु बाहेक अन्य विकल्प छैन।

उपाध्यक्ष कुँवर नयाँ सरकारलाई आग्रह गर्छन्, 'कम्तीमा वडा नम्बर १ का बाँकी बचेका दुई वटा गाउँसम्म नेपालभित्रबाटै पुग्न सकिने मोटर बाटो बनाउनु प¥यो।'

नेपाली सेनाले हाल बनाइरहेको महाकाली कोरिडोर अन्तर्गतको तिङ्कर सडकको निम्ति बर्सेनि पर्याप्त बजेट दिइएमा २–३ वर्षमा तिङ्करसम्म बाटो पुग्न सक्ने उनको भनाइ छ।

'तब मात्र नाका र सीमाको कुराले हाम्रो निम्ति अर्थ राख्छ,' उनी भन्छन्, 'आफ्ना जनतालाई आफ्नै भूभागबाट जान सक्ने बनाइरहेका छैनौँ, अनि लिपुलेक र लिम्पियाधुरा त कल्पनाभन्दा बाहिरको कुरा हो।'

अङ्ग्रेजले भनेका थिए, कचकच नगर्नु'

रकारले पछिल्लो पटक सन् १८१६ को सुगौली सन्धिबाट नै सीमा नदी महाकालीभन्दा पूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग रहेको बताएको छ।

महाकाली नदीमा लिम्पियाधुरा र लिपुलेकबाट झरेका दुई वटा धार मिल्छन्। लिम्पियाधुराबाट आउने नदी नै महाकालीको मूलधार हो भन्ने नेपालले दाबी गर्ने गरेको छ।

तर सन् १८६० पछिका अधिकांश भारतीय नक्साहरूमा लिम्पियाधुरा मुहान भएको नदीलाई 'कुटी' वा 'कुटियाङ्दी' र लिपुलेकबाट झरेको नदीलाई 'काली' भनिएको भनेर नेपालका कतिपय सिमाविद् र इतिहासकारहरूले सार्वजनिक रूपमा आफ्नो मत राख्ने गरेका छन्।

नापी विभागका पूर्वमहानिर्देशक पुण्यप्रसाद ओलीका अनुसार 'सुगौली सन्धि गर्दा नै इस्ट इन्डिया कम्पनी पक्षले लिपुलेकबाट झरेको ठाडो खोलालाई महाकालीको धार ठानेर सिमाना मान्ने प्रस्ताव गरेको थियो।'

'तर नेपालीले नमानेपछि अङ्ग्रेज (ब्रिटिश इस्ट इन्डिया कम्पनी) ले ३ वटा गाउँ नेपालकै हो धेरै किचकिच नगर भनेको हो,' ओली भन्छन्, 'फेरि नेपालले सुगौली सन्धि मानेन भने के गर्ने भनेर अङ्ग्रेजले उत्तर प्रदेशलाई लेखेको पनि हो।'

अवकाशप्राप्त सहसचिव भानदेव बडू २०३७ सालमा व्यासको छाङ्गरूस्थित उत्तरी सीमा प्रशासन कार्यालयमा खरिदारको रूपमा कार्यरत थिए।

करिब तीन वर्ष त्यहाँ खटिएका उनी अधिकृतहरू हम्मेसि नजाने भएकाले आफूहरूले नै त्यहाँको सीमाबारे पाक्षिक, मासिक र वार्षिक प्रतिवेदन 'माथि' पठाउने गरेको सम्झिन्छन्।

'हामीले कालापानी क्षेत्रमा सिमाना मिचिएको कुरा हरेक प्रतिवेदनमा नछुटाएर लेख्ने गर्थ्यौं,' बडूले सुनाए, 'कालापानी नजिकको भारतले दाबी गरेको त मुहान होइन भन्ने नै हाम्रो जोड हुन्थ्यो।'

**सिमानाभन्दा टाढा नेपाली सुरक्षाकर्मी**

छाङ्गरूको सबैभन्दा नजिकै रहेको कालापानीमा भारतीय सुरक्षाकर्मीको क्याम्प छ । त्यहाँ भारतले दाबी नगरेको नेपाली भूभागलाई पनि भारतीय सुरक्षाकर्मीले 'नियन्त्रित क्षेत्र' जस्तो बनाएका त्यस क्षेत्रमा पुगेकाहरूले बेलाबखत गुनासो गर्ने गरेका छन्। कोही गएमा भारतीय सुरक्षाकर्मी नेपालभित्रै आएर 'नियन्त्रणमा लिने, दुव्र्यवहार गर्ने वा फर्काउने' गरेका दाबीहरू विगतमा समाचारका विषय पनि बनेका छन्।

दार्चुलाका तत्कालीन प्रमुख जिल्ला अधिकारी वेदप्रकाश लेखक २०५८ जेठमा सीमा निरीक्षण गर्न कालापानी जाँदा त्यस्तै नमिठो अनुभव बेहोरेको बताउँछन्।

पूर्वजानकारी दिएर जाँदा पनि खबर नपाएको भन्दै घेरेर अवरोध गरेको उनी सुनाउँछन्।

'६–७ जना थियौँ, हात उठाउन लगाए, मेरो बाहेक सबैको शरीर तलासी ग¥यो,' अवकाशप्राप्त सहसचिव लेखक भन्छन्, 'मलाई र सीमा प्रशासन अधिकृतलाई उनीहरूले बनाएको महाकाली मन्दिर नजिकसम्म पुग्न दिए तर फोटो खिच्न दिएनन् अनि हामी फर्कियौँ।'

व्यास गाउँपालिकाका उपाध्यक्ष विनोदसिंह कुँवरका अनुसार भारतीय अधिकारीहरूलाई जानकारी नदिई उनीहरूको नियन्त्रणमा नरहेको नेपाली भूभागमा जान खोज्दा 'अलि गाह्रो' अवस्था हुन्छ।

'खबर गरेर जाँदा बरु खाजा फलफूल आफैले लिएर भारतीय सुरक्षाकर्मी नेपालमै आएर भेट्छन्,' उनले सुनाए, 'अब सशस्त्र प्रहरीको सीमा सुरक्षा पोस्ट कौवा क्षेत्रमा राख्नुपर्छ कि भन्ने पनि छ। त्यो भयो भने कालापानी क्षेत्र नजिक हुन्छ।'

'घाँटीमा अड्किने झोल'

लिपुलेकबाट झरेको नदीलाई भारतले सीमा नदी मानेको भए कालापानी क्षेत्रबाट भारतीय फौज हट्नु पर्ने थियो,' उपाध्यक्ष कुँवर भन्छन्, 'त्यही हुन नसकेको अवस्थामा लिम्पियाधुरा टाढाको कुरा हो।'

उनले 'झोल घाँटीमा अड्किन्छ भने टुक्रा अड्किने नै भयो' भन्ने आशयको 'झोलै त गला लाग्यो अनि खोट्टा' भन्ने त्यस भेकको उखानलाई कालापानी र लिम्पियाधुरासँग जोड्छन्।

उनले भने, 'तैपनि निराश भइहाल्ने कुरा भएन, पहल त थाल्नै प¥यो तर तत्कालै हल होला जस्तो लाग्दैन, बरु झन् बल्झिने पो हो कि।' बीबीसी

# वैशाखभित्रै एसइई नतिजा सार्वजनिक हुने, अन्तिम तयारीमा परीक्षा नियन्त्रण कार्यालय




**काठमाडौँ ।**
परीक्षा नियन्त्रण कार्यालयले २०८२ सालको माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजा प्रकाशनको तयारी थालेको छ ।
गत चैत १९ देखि २९ गतेसम्म सञ्चालन भएको उक्त परीक्षाका उत्तरपुस्तिका परीक्षा समाप्त हुनासाथ परीक्षण एवं सम्परीक्षणई थालेको उक्त कार्यालयले यही वैशाख २९ गतेभित्र परीक्षाफल सार्वजनिक गर्ने राष्ट्रिय परीक्षा बोर्डले बताएको छ । परीक्षा नियन्त्रक टुकराज अधिकारीका अनुसार हाल ३५ जना कर्मचारी 'टेबुलेसन'मा व्यस्त छन् । वैशाख २९ गतेभित्र परीक्षाफल प्रकाशन गर्ने लक्ष्य छ ।
'माध्यमिक शिक्षा परीक्षा (एसइई) व्यवस्थापन तथा उत्तरपुस्तिका परीक्षण निर्देशिका, २०८२' मा परीक्षा सम्पन्न भएको बढीमा तीन दिनभित्र उत्तरपुस्तिका परीक्षण गरिसक्नुपर्ने व्यवस्था छ ।
गत वर्ष नियमित र स्तरवृद्धितर्फ गरी पाँच लाख १२ हजार ४२१ विद्यार्थी परीक्षामा सहभागी भएका थिए । रासस

# सङ्घीय संसद्को बजेट अधिवेशन सोमबारदेखि आजै नीति कार्यक्रम प्रस्तुत हुने



**काठमाडौँ ।**
सङ्घीय संसद्को बजेट अधिवेशन भोलि सोमबारदेखि प्रारम्भ हुँदैछ । सोमबार नै सरकारको नीति कार्यक्रम पनि प्रस्तुत हुने भएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय संसद्का दुवै दुवै सदनको संयुक्त बैठकलाई सोमबार सम्बोधन गर्ने कार्यक्रम रहेको संसद् सचिवालयका प्रवक्ता एकराम गिरिले बताए । नेपालको संविधानको धारा ९५ अनुसार राष्ट्रपतिले अपराह्न ४:०० बजे सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने उनले जानकारी दिए ।
उक्त धारामा प्रतिनिधिसभाको निर्वाचन भएपछिको पहिलो अधिवेशन र प्रत्येक वर्षको पहिलो अधिवेशन प्रारम्भ भएपछि राष्ट्रपतिले दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने प्रावधान छ । राष्ट्रपति पौडेलबाट नीति तथा कार्यक्रम प्रस्तुत हुने संयुक्त बैठकमा अपराह्न ३:४५ बजे अगावै उपस्थित हुन प्रतिनिधिसभा तथा राष्ट्रियसभाका सदस्यलाई संसद् सचिवालयले अनुरोध गरेको छ ।
त्यसअघि अपराह्न २:०० बजे प्रतिनिधिसभा र राष्ट्रियसभाका बैठक हुनेछन् । संसद् सचिवालयका अनुसार प्रतिनिधिसभाको बैठकमा राष्ट्रपतिबाट अधिवेशन आह्वानसम्बन्धी पत्रबारे जानकारी दिने, मन्त्रिपरिषद्को हेरफेरसम्बन्धी राष्ट्रपतिको कार्यालयबाट प्राप्त सूचनाबारे सदनलाई अवगत गराउने सम्भावित कार्यसूची छ ।
त्यसैगरी, सभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने सदस्यहरुको मनोनयन, प्रतिनिधिसभा नियमावली, २०७९ को नियम २६० बमोजिम जारी भएको बाधा अड्काउ फुकाउ अनुमोदनका लागि पेस हुने, प्रतिनिधिसभा नियमावलीको मस्यौदा पेस हुनेलगायत कार्यसूची छ ।
यसैगरी, सरकारबाट जारी भएका 'सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३', 'सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३', 'संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) पहिलो संशोधन अध्यादेश, २०८३' लगायत आठ अध्यादेश पेस गर्ने कार्यसूची रहेको संसद सचिवालयले जनाएको छ । राष्ट्रियसभाको बैठकमा पनि ती अध्यादेशहरु पेस हुनेछन् ।

# कम्युनिष्ट पार्टीहरुबीचको एकतामा दाहालको जोड



**काठमाडौँ ।**
नेपाली कम्युनिस्ट पार्टी, नेकपाका संयोजक पुष्पकमल दाहालले कम्युनिस्ट पार्टीहरूबीच एकताको बाध्यता औँल्याएका छन् ।
कोटेश्वर पेरिसडाँडामा आयोजित २६औँ निर्मल लामा स्मृति सभामा उनले कम्युनिष्ट एकतामा जोड दिएका हुन् ।
नेपालमा अझै पनि कम्युनिष्टहरुको जनतामा उल्लेख्य प्रभाव रहेको जिकिर गर्दै दाहालले फेरि श्रमजीवी वर्ग र कम्युनिष्ट एकता गरेर नयाँ यात्रा थाल्लुपर्ने उल्लेख गरेका हुन् ।
एकता र विभाजनका धेरै शृंखला हुँदै नेपाली कम्युनिष्ट यहाँसम्म आएको भन्दै उनले अहिले एकताको आवश्यकता झनै बढेको दाबी गरे । मुलुकमा साम्राज्यवादीहरूको हस्तक्षेप बढ्दै गएको तर्क गर्दै दाहालले राष्ट्रिय रूपमा देश अप्ठ्यारो अवस्थामा पुगेको जिकिर गरे ।
नेपालबाट कम्युनिष्टहरुलाई सखाप पार्न देशी विदेशी प्रतिक्रियावादीहरू सक्रिय भएको पनि दाहालले आरोप लगाएका छन् ।

## कार्यान्वयनमा भन्सार नियमावली ०८३:

# व्यापार सहजीकरण र जोखिम व्यवस्थापनमा नयाँ व्यवस्था

**काठमाडौँ ।**
सरकारले 'भन्सार नियमावली, २०६४' लाई खारेज गर्दै नयाँ 'भन्सार नियमावली, २०८३' कार्यान्वयनमा ल्याएको छ ।
भन्सार ऐन, २०८२ को दफा १३० ले दिएको अधिकार प्रयोग गरी बनाइएको यो नियमावलीले भन्सार प्रशासनलाई थप आधुनिक, प्रविधिमैत्री र व्यावसायिक बनाउने लक्ष्य राखेको छ ।
पछिल्लो नियमावलीमा पुराना व्यवस्थाहरूमा परिमार्जन गर्नुका साथै व्यापार सहजीकरणका लागि कैयौँ नयाँ व्यवस्थाहरू थप गरिएको छ । नयाँ नियमावलीले मालवस्तु जाँचपास गर्दा 'छनौट प्रणाली' को व्यवस्था गरेको छ ।
यसअन्तर्गत वस्तुको जोखिम हेरेर हरियो, पहेँलो वा रातो मार्ग निर्धारण गरी जाँचपास गरिनेछ । कम जोखिम भएका मालवस्तुहरूलाई हरियो मार्गबाट तुरुन्तै छोडिनेछ भने उच्च जोखिम भएकाको मात्र विस्तृत भौतिक




परीक्षण गरिनेछ । यसका लागि केन्द्रमा 'जोखिम विश्लेषण समिति' र कार्यालयहरूमा 'जोखिम व्यवस्थापन इकाइ' रहने व्यवस्था गरिएको छ ।
नयाँ नियमावलीमा अब विश्वसनीय व्यवसायीहरूलाई 'आधिकारिक व्यावसायिक व्यक्ति' का रूपमा सूचीकृत गर्ने नयाँ व्यवस्था छ ।
विगत तीन वर्षदेखि प्रचलित कानुनको पूर्ण पालना गरेका र चुस्त वित्तीय विवरण भएका व्यवसायीले यो मान्यता पाउनेछन् । यस्ता व्यवसायीलाई भन्सार परिसरमा छुट्टै क्षेत्र उपलब्ध गराइने र कार्यालय समयभन्दा अगाडि वा पछाडि पनि मालवस्तु जाँचपासको सुविधा दिइनेछ । नियमावलीमा व्यवसायीहरूलाई व्यापारमा सुनिश्चितता प्रदान गर्न 'पूर्वादेश' को नयाँ व्यवस्था गरिएको छ ।
अब पैठारीकर्ताले वस्तु आयात गर्नुभन्दा कम्तीमा ४५ दिन अगावै सो वस्तुको वर्गीकरण वा उत्पत्तिको विषयमा भन्सार विभागबाट आधिकारिक निर्णय माग गर्न सक्नेछन् । विभागले जारी गरेको यस्तो पूर्वादेश दुई वर्षसम्म मान्य हुनेछ ।
२०८३ को नियमावलीले वस्तुको भन्सार मूल्य निर्धारणका लागि कारोबार मूल्य, समरूपको वस्तु, मिल्दोजुल्दो वस्तु, घट्दो मूल्य र गणना मूल्य जस्ता विधिहरूलाई छुट्टाछुट्टै नियममा विस्तृत रूपमा व्याख्या गरेको छ । विभागले मूल्यको सत्यता जाँच गर्न विद्युतीय डाटाबेस विकास गरी प्रयोग गर्ने व्यवस्था समेत गरेको छ । भन्सारसँग सम्बन्धित सबै निकायका कामकारबाहीलाई एउटै प्लेटफर्ममा आबद्ध गर्न 'राष्ट्रिय एकद्वार प्रणाली' लाई नियमावलीमै समेटिएको छ । यसका लागि सचिवको संयोजकत्वमा एक समन्वय समिति रहने व्यवस्था गरिएको छ ।
नयाँ नियमावलीले निजी क्षेत्रलाई समेत भन्सार वेयरहाउस सञ्चालन गर्न दिने स्पष्ट प्रक्रिया तोकेको छ । साथै, भुलवश नेपाल आएका मालवस्तु फिर्ता पठाउने र द्रुत सेवा वा कुरियरबाट आउने साना नमुना वस्तुहरूमा महसुल छुट दिने सम्बन्धी व्यवस्थाहरूलाई थप परिष्कृत गरिएको छ ।

# अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक सम्मेलनमा सम्मान र सुरक्षाबारे विमर्श

काठमाडौँ ।
मनमोहन स्मृति प्रतिष्ठानले आयोजना गरेको अन्तरराष्ट्रिय ज्येष्ठ नागरिक सम्मेलन अन्तर्गत आईतबार ज्येष्ठ नागरिकको सम्मान र सुरक्षाबारे विमर्श भएको छ ।
सम्मेलनमा स्वदेशी र विदेशी विज्ञ तथा अभियन्ताहरूले संविधानमा व्यवस्था गरिएअनुसार ज्येष्ठ नागरिकको सम्मान र संरक्षणलाई सरकार, निजी क्षेत्र र हरेक परिवारले पालना गर्नुपर्नेमा जोड दिइएका छन् ।
कार्यक्रममा दक्षिण एसियाली ज्येष्ठ नागरिक मञ्चका अध्यक्ष छत्र प्रधानले नेपालको संविधानको धारा ४१ मा राज्यबाट ज्येष्ठ नागरिकलाई विशेष संरक्षण र सुरक्षा तथा धारा ४३ मा आर्थिक रूपमा विपन्न र असहाय नागरिको सामाजिक सुरक्षाको हकको प्रबन्ध गरिएकाले त्यसको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिए ।
केन्द्र सरकार र विभिन्न स्थानीय तहले सामाजिक सुरक्षा भत्ता, सरकारी अस्पतालमा निःशुल्क सेवा, यातायातमा छुट, घरदैलो स्वास्थ सेवा प्रदान गरिएका बारे कार्यक्रममा अवगत गराइएको थियो । बूढानीलकण्ठ



नगरपालिकाका उपप्रमुख अनिता लामाले पालिकाले नागरिक आरोग्य केन्द्रलगायत ज्येष्ठ नागरिकलाई स्वास्थ्य र सामाजिक सुरक्षामा विशेष महत्व दिएको बताए ।
जनसङ्ख्याविद् प्रा डा पदमप्रसाद खतिवडाले २०५८ ज्येष्ठ नागरिकसम्बन्धी नीति र २०६३ मा कानुन आइसकेको उल्लेख गर्दै नेपालले नीतिगत तहमा उदाहरणीय काम गरेको बताए ।
पूर्वराजदूत उदयराज पाण्डेले समूह र परिवारमा सँगै बस्दा सम्मान, प्रेरणा र सुरक्षा प्रदान गरिनुपर्नेमा जोड दिनुभयो । जनसङ्ख्या अध्येता चेतन अधिकारीले सञ्चारमाध्यमले राजनीतिक विषयलाई बढी महत्व दिँदा ज्येष्ठ नागरिकका विषय ओझेलमा परेको विश्लेषण गरे ।
प्रतिष्ठनका कार्यकारी निर्देशक डा दीपेन्द्र श्रेष्ठले दुईदिने सम्मेनलनका निष्कर्षलाई समापनसत्रमा घोषणापत्रका रूपमा सार्वजनिक गरिने जानकारी दिए ।
राष्ट्रपति रामचन्द्र पौडेलबाट उद्घाटन गरिएको उक्त सम्मेलनमा प्रतिष्ठानका अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री ईश्वर पोखरेल, पूर्वउद्योगमन्त्री केशवप्रसाद बडाल, पूर्वशिक्षामन्त्री रघुजी पन्तलगायत सहभागी थिए । 'ज्येष्ठ नागरिकको अनुभव लिऔँ, सभ्य समाजको निर्माण गरौँ' भन्ने नाराका शनिबार सम्मेलन सुरु भएको थियो । रासस

# ट्राफिक प्रहरीद्वारा चैत मसान्तसम्म २६ करोड बढी राजस्व सङ्कलन

**काठमाडौं ।**
काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले चालु आर्थिक वर्षको चैत मसान्तसम्म ट्राफिक नियम उल्लङ्घन गर्ने सवारी चालकमाथि कारबाही गरी रु २६ करोड १९ लाख ३१ हजार १७७ राजस्व सङ्कलन गरेको छ । उपत्यका ट्राफिक प्रहरी कार्यालयमा आज आयोजित पत्रकार सम्मेलनमा कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले उपत्यकाभित्र ट्राफिक व्यवस्थापनलाई थप प्रभावकारी बनाउने उद्देश्यले नियमित चेकजाँच, सचेतनामूलक अभियान, ट्राफिक नियम पालनामा कडाइ गरिनाका साथै नियम उल्लङ्घन गर्नेलाई कारबाही गरिएको जानकारी दिए ।
उनका अनुसार चैत मसान्तसम्म ट्राफिक नियम उल्लङ्घन गर्ने तीन लाख ७३ हजार ५६२ चालकलाई कारबाही गरिएको छ । प्रहरी वरिष्ठ उपरीक्षक अधिकारीले एउटै कसुरमा पटकपटक संलग्न हुने चालकमाथि थप कडाइ गरिएको बताउँदै पाँच पटकभन्दा बढी कारबाहीमा परेका चालकको सवारी चालक अनुमतिपत्र निलम्बनका लागि यातायात व्यवस्था विभागमा पत्र पठाइएको जानकारी दिए ।
हालसम्म ३१ जना चालकको सवारी चालक अनुमतिपत्र (लाइसेन्स) निलम्बनका लागि सिफारिस गरिएको उनले बताए । उपत्यका ट्राफिक प्रहरी कार्यालय प्रमुख अधिकारीका अनुसार चालु आर्थिक वर्षको चैत मसान्तसम्म काठमाडौँ उपत्यकाभित्र चार हजार ६३१ सवारी दुर्घटना भएका छन् ।
ती दुर्घटनामा परी १७४ जनाले ज्यान गुमाएका छन् भने १८६ जना गम्भीर घाइते भएका छन् । साथै चार हजार ९२७ जना सामान्य घाइते भएका प्रहरीले जनाएको छ ।
ट्राफिक प्रहरीले तीव्र गतिमा सवारी चलाउने, मादक पदार्थ सेवन गरी सवारी चलाउने, लेन मिच्ने, रातोबत्ती उल्लङ्घन गर्नेलगायत कारण दुर्घटनाको



जोखिम बढिरहेको जनाएको छ ।
प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार विभिन्न स्थानमा सञ्चालन गरिएको विशेष ट्राफिक चेकिङ अभियानका क्रममा तीन लाख ७३ हजार ५६२ चालकलाई कारबाही गरिएको छ । मादक पदार्थ सेवन (मापसे) गरेर सवारी चलाउने २३ हजार ४८, रातोबत्तीको नियम उल्लङ्घन गर्ने २८ हजार ३०८, तीव्र गतिमा सवारी चलाउने २३ हजार ७७२, लेनक्रस गर्ने २३ हजार ९८४, सवारीको स्वरुप परिवर्तन गर्ने एक हजार ४५०, भाडा बढी असुल्ने ८९०, लागु पदार्थ सेवन (लापसे) १२४, यान्त्रिक अवस्था ठिक नभएका सवारी दुई हजार ८३१, मोड्न निषेध उल्लङ्घन गर्ने ३७ हजार ४७२, हर्न निषेधमा छ हजार २५७, डबल चालक ३५०, सवारीचालक अनुमतिपत्रबिना सवारी चलाउने १० हजार ४८९ चालकलाई कारबाही गरिएको प्रवक्ता सुवेदीले जानकारी दिए ।
उनका अनुसार अन्य कारबाहीमा दुई लाख, १४ हजार ५८७ परेका छन् ।
ट्राफिक प्रहरीले पछिल्लो समय उपत्यकामा ट्राफिक व्यवस्थापनलाई व्यवस्थित बनाउन डिजिटल निगरानी, सिसिटिभीमार्फत अनुगमन तथा विशेष चेकिङ अभियानलाई तीव्र बनाएको ट्राफिक प्रहरी प्रमुख अधिकारीले बताए । उनले भने, सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरी पछिल्लो समय सक्रिय बनेको छ र नियमित अनुगमन र चेकजाँच गरिरहेको छ । यसका लागि चालक तथा यात्रु दुवैको सचेतना पनि आवश्यक छ ।
प्रहरीले मादक पदार्थ वा लागुपदार्थ सेवन गरी सवारी चलाउनु कानुन विपरीत तथा दण्डनीय कार्य भएकाले यस्ता गतिविधि देखिएमा तत्काल नजिकको प्रहरी कार्यालय, ट्राफिक कन्ट्रोल रूमको हटलाइन नम्बर १०३ वा प्रहरीको हटलाइन नम्बर १०० मा जानकारी दिन आग्रह गरेको छ । ट्राफिक प्रहरीले नियम पालना, सुरक्षित यात्रा र अनुशासित सवारी सञ्चालनमार्फत मात्रै दुर्घटना न्यूनीकरण गर्न सकिने भन्दै सबै चालक तथा सर्वसाधारणलाई जिम्मेवार बन्न आग्रह गरेको छ ।

# बगरमा पसिना, राजमार्गमा बजार, मुक्तकमैयाको फेरिएको दिनचर्या



**कञ्चनपुर ।**
पूर्वपश्चिम महेन्द्रराजमार्ग भएर गुड्ने सवारीसाधन केहीबेरका लागि कृष्णपुर नगरपालिकाको वनहरा क्षेत्रमा रोकिन्छन् । सडक छेउमा खरले छाएर बनाएका साना टहरा छन् । ती टहराभित्र हरिया काँक्रा, तरबुजा, खरबुजा र लौका सजाइएका छन् । चर्को गर्मीमा शीतलता खोजिरहेका यात्री त्यहीँ रोकिन्छन् । फलफूल किन्छन् र फेरि यात्रामा अघि बढ्छन् ।

तर सडक किनारको यो सानो व्यापार केवल यात्रीको तिर्खा मेटाउने माध्यम मात्रै होइन, मुक्तकमैया परिवारको जीविकासँगै सङ्घर्ष र आत्मनिर्भरतासँग जोडिएको छ । कृष्णपुर नगरपालिका–२ का नीरज राना विगत चार वर्षदेखि वनहरा नदीको बगरमा फलाएका फलफूल र तरकारी बेचेर परिवारको गुजारा चलाइरहेका छन् ।

राजमार्ग किनारमै व्यापार गर्दै आएका रानाका अधिकांश ग्राहक सवारी चालक र यात्री हुन् । बिहानदेखि साँझसम्म सडक छेउमा बसेर तरकारी तथा फलफूल बिक्री गर्दा हुने आम्दानीले परिवारको दैनिक खर्च धानिएको उनी बताउँछन् । राना मुक्तकमैया बस्तीमा बस्छन् । सरकारले करिब तीन दशकअघि पुनःस्थापनाका क्रममा उहाँलाई पाँच कट्ठा जमिन उपलब्ध गराएको थियो । त्यही जमिनमा कच्ची घर बनाएर रानाको परिवार बस्दै आएको छ ।

माघ महिनादेखि उनी वनहरा नदी किनारमा बगरखेती गर्छन् । बगरमा काँक्रा, तरबुजा, खरबुजा, लौका र तितेकरेला उत्पादन हुन्छ भने घर नजिकैको बारीमा मकै लगाउने गरिएको छ । उत्पादन भएका तरकारी र फलफूल राजमार्ग छेउमै बिक्री गरिन्छ । 'दैनिक पाँच हजार रुपैयाँ जतिको बिक्री हुन्छ', रानाले भने, 'सिजनभरिमा ५० हजारदेखि एक लाखसम्म आम्दानी हुन्छ । यही आम्दानीले परिवार चलिरहेको छ ।'

वनहरा मुक्तकमैया बस्तीका ८० भन्दा बढी परिवार अहिले बगरखेतीमा संलग्न छन् । नदीकिनारको बगरमा उत्पादन गरिएका तरकारी तथा फलफूल बिक्री गर्न थालेको करिब छ वर्ष भएको स्थानीय बताउँछन् । स्थानीय किसान शिवलाल रानाले बगर र अरूको खेत लिजमा लिएर खेती गर्दै आएका छन् । यस वर्ष उनले सात कट्ठामा तरबुजा तथा १० कट्ठामा लौका, तोरैयाँ र करेला लगाएका छन् ।

गत वर्ष तरबुजा नबिक्दा घाटा लाग्यो, उनले भने, त्यसैले यस वर्ष कम रोपेको छु, काँक्रा बढी लगाएको छु । सिजनमा पाँच लाखसम्मको बिक्री हुन्छ, जसबाट दुई लाखदेखि तीन लाखसम्म बचत हुन्छ । उनका अनुसार खेती नै परिवारको मुख्य आयस्रोतका रूपमा रहेको छ । अरू गरिखाने आधार छैन, उनले भने, यसैबाट वर्षभरिको खर्च धान्नुपर्छ ।

सडक किनारमा तरबुजा प्रतिकिलो २५, काँक्रा ४०, तोरैयाँ ६० र तितेकरेला ५० प्रतिकिलोमा बिक्री भइरहेको छ । काँचो मकै भने प्रतिघोगा रु १५ मा बिक्री हुने गरेको छ । गर्मी मौसममा ताजा काँक्रा र तरबुजा किन्न धेरै यात्री वनहरा क्षेत्रमा रोकिने गरेका छन् । तरकारी खरिद गर्न पुगेका सवारीचालक रमेश बोहराले यहाँ पाइने उत्पादन ताजा र सस्तो हुने भएकाले आफू प्रायः किनमेल गर्ने गरेको बताए ।

राजमार्गमै ताजा तरकारी र फलफूल पाइन्छ, उनले भने, 'यहाँका काँक्रा र तरकुजा निकै मीठा हुन्छन् । स्थानीय किसानको उत्पादन किन्दा उनीहरूलाई पनि सहयोग पुग्छ । तर सडक छेउमै व्यापार गर्नुपर्ने बाध्यताले दुर्घटनाको जोखिम पनि बढाएको छ । तीव्रगतिमा गुड्ने सवारीसाधनका कारण असुरक्षा रहेको व्यवसायी मुक्तकमैया बताउँछन् ।

तरकारी तथा फलफूल बिक्रीमा संलग्न धिरेन्द्र रानाले सुरक्षित बजार व्यवस्थापनको आवश्यकता औँल्याए । नगरपालिकाले सुरक्षित बिक्री केन्द्र बनाइदिए सहज हुन्थ्यो, उनले भने, व्यवस्थित ठाउँ भए दुर्घटनाको जोखिम कम हुन्थ्यो, तर अहिलेसम्म कुनै पहल भएको छैन ।

बगरखेतीबाट राम्रो आम्दानी भएपनि त्यसका लागि ठूलो लगानी र मिहिनेत आवश्यक पर्ने उनीहरूको भनाइ छ । खेती सुरु गर्न मात्रै रु ३० हजारदेखि रु एक लाखसम्म खर्च हुने गरेको छ । मलखाद, बीउबिजन, जोताइ–खोदाइ, सिँचाइ र गोडमेलमै धेरै रकम खर्च हुने किसान अनिता रानाले जानकारी दिनुभयो । खेती गर्न सजिलो छैन, उनले भने, दिनरात मिहिनेत गर्नुपर्छ । राम्रो स्याहारसुसार गरेमात्रै उत्पादन राम्रो हुन्छ ।

स्थानीय जुगमानी चौधरीले बगरमा उत्पादन भएका तरकारी बिक्री गरेरै घरका लागि खाद्यान्न जुटाउने गरिएको बताए । खेतीबाट आएको पैसाले चामल, नुन र तेल किन्छौँ, उनले भने, यसले घरधन्दा धानेको छ । विरा रानाका अनुसार बगरखेतीले मुक्तकमैया परिवारको जीवनमा परिवर्तन ल्याउन थालेको छ । बगरमा बगाएको पसिना खेर जाँदैन, उनले भने, 'परिश्रम गरे उत्पादन राम्रो हुन्छ, आम्दानी पनि हुन्छ । यही खेतीले जीविका चलिरहेको छ ।'

रानाका अनुसार पहिले दैनिक मजदुरीका लागि गाउँगाउँ धाउनुपर्ने अवस्था थियो । अहिले भने आफ्नै उत्पादन बिक्री गरेर परिवार धान्न सकिने अवस्था बनेको छ । वनहराका मुक्तकमैया परिवारका लागि बगरखेती आम्दानीको स्रोतमात्र नभई आत्मनिर्भरताको आधार बन्दै गएको छ । तर कृषि अनुदान, सिँचाइ, बीउबिजन तथा बजार व्यवस्थापनका सरकारी कार्यक्रम भने अझै मुक्तकमैया परिवारसम्म पुग्न सकेका छैनन् । अधिकांश आफ्नै लगानी र श्रममा निर्भर छन् ।

यदि सरकारले थोरै सहयोग गरिदियो भने उत्पादन अझ बढाउन सकिन्छ, लीलावती वडायकले भने, बजार व्यवस्थापन र कृषि सामग्रीमा सहयोग पाए आम्दानी पनि बढ्थ्यो । वनहरा नदीकिनारको बगर अहिले मुक्तकमैया परिवारको आशा बनेको छ । बिहानदेखि साँझसम्म पसिना बगाएर उत्पादन गरिएका तरकारी र फलफूलले मुक्तकमैया परिवारको घरखर्चमात्र धानेको छैन, आत्मसम्मानसहित बाँच्ने आधार पनि बनेको छ । रासस

# तमिलनाडुको मुख्यमन्त्रीमा शपथ लिए थलपति, शपथ लिएसँगै विजयले गरे तीन निर्णय



**नयाँ दिल्ली ।**
तमिलगा वेत्री कझगम (टीभीके)का अध्यक्ष सी. जोसेफ विजयले आइतबार तमिलनाडुको मुख्यमन्त्रीको रूपमा शपथ लिएका छन् । यसले दुई प्रमुख द्रविड पार्टीहरू डीएमके र एआईएडीएमकेको लगभग ६ दशक लामो शासन अन्त्य गरेको छ ।

तमिलनाडुका राज्यपाल राजेन्द्र विश्वनाथ अर्लेकरले आइतबार विजयलाई पद र गोपनीयताको शपथ दिलाएका हुन् । विजयले बिहान १० बजे चेन्नईको नेहरु स्टेडियममा पदको शपथ लिए । टिभीकेका केही वरिष्ठ नेताहरू सहित ९ जनाले पनि मन्त्रीको रूपमा शपथ लिए ।

विजयले कांग्रेसको समर्थनमा गठबन्धन सरकारको नेतृत्व गर्नेछन् । राज्यपालले विजयलाई मे १३ मा वा सोभन्दा अगाडि विधानसभामा विश्वासको मत लिन निर्देशन पनि दिएका छन् । मन्त्रीको रूपमा शपथ लिने नौ मन्त्रीहरू 'बुसी' एन । आनन्द, आधव अर्जुन, के । जी । अरुणराज, के । ए । सेनगोटैयन, पी । वेंकटरमणन, सी.टी.आर. निर्मलकुमार, ए. राजामोहन, टी.के. प्रभु र एस. कीर्तना हुन् ।

शपथ ग्रहण कार्यक्रममा राहुल गान्धी र अन्य धेरै प्रमुख नेताहरू उपस्थित थिए । वीसीके विधायक छन् ।

विजयलाई अब १२० विधायकको समर्थन छ । तमिलनाडु विधानसभामा बहुमत प्रमाणित गर्न ११८ विधायक आवश्यक छ । आईयूएमएलले विजयको पार्टीलाई आफ्नो निःशर्त समर्थन घोषणा गरेका छन् ।

**दुवै दलका दुई–दुई जना**

विजयले शनिबार साँझ तमिलनाडुका राज्यपाल राजेन्द्र विश्वनाथ अर्लेकरलाई भेटेर १२० विधायकहरूको समर्थन पत्र बुझाएका थिए । त्यसपछि राज्यपालले विजयको पार्टी टीभीकेलाई तमिलनाडुमा सरकार बनाउने अनुमति दिए । यसले चार दिनको राजनीतिक अन्योलको अन्त्य गरेको छ ।

मिलनाडु मुख्यमन्त्रीको शपथ लिएपछि थालापति विजयले तीन निर्णय गरेका छन् । आइतबार चेन्नईमा शपथपछि उनले तीनवटा निर्णयमा हस्ताक्षर गरेको बिबिसीले जनाएको छ । उनले प्रत्येक परिवारलाई २०० युनिटसम्मको बिजुली निःशुल्क, लागुऔषध दुव्यसनी हटाउन प्रत्येक जिल्लामा विशेष बल बनाउने र महिलाहरूको सुरक्षाका लागि एउटा स्पेशल टास्क फोर्स गठन गर्ने निर्णय गरेका छन् ।

उनी नेतृत्वको तमिलगा वेत्री कजगम (टिभिके)ले बहुमत जुटाएपछि राज्यपाल राजेन्द्र अर्लेकरले विजयलाई आइतबार मुख्यमन्त्री नियुक्त गरेका थिए । आइतबार बिहान १० बजे चेन्नईस्थित नेहरू स्टेडियममा शपथ लिएका हुन् ।

त्यस्तै बुसी एन आनन्द, आधव अर्जुन, केजी अरुणराज, केए सेंगोट्टैयन, पी वेंकटरमणन, सीटीआर निर्मलकुमार, ए राजमोहन, टी के प्रभु र एस कीर्तनाले मन्त्रीको शपथ लिए । टिभिकेलाई कंग्रेस आई, सिपआई, सिपिएम, विदुथलाई चिरुथैगल कच्ची (भीसीके) र इन्डियन युनियन मुस्लिम लिग (आईयूएमएल)ले समर्थन दिएको छ ।

# 'हान्टाभाइरस' प्रभावित पानीजहाज स्पेन पुग्दै, स्थानीयलाई नआत्तिन आग्रह



**टेनेरिफ ।**
स्पेनको क्यानरी टापुतर्फ गइरहेको 'हान्टाभाइरस' प्रभावित पानीजहाजका विषयमा विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रोस अधानोम घेब्रेयससले स्थानीय नागरिकलाई नआत्तिन आग्रह गरेका छन् । उनले वर्तमान अवस्था 'अर्को कोरोना महामारीजस्तो नभएको' स्पष्ट पार्दै जनस्वास्थ्य जोखिम हाल न्यून रहेको बताएका छन् ।

नेदरल्यान्ड्सको झण्डा बोकेको 'एमभी होन्डियस' नामक पानीजहाजमा १४० भन्दा बढी यात्रु तथा चालकदलका सदस्य रहेका छन् । उक्त जहाज पश्चिम अफ्रिकाको तट नजिक रहेको स्पेनको क्यानरी टापु समूहअन्तर्गत टेनेरिफे टापुमा आइतबार बिहान पुग्ने अपेक्षा गरिएको छ ।

विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रोस, स्पेनकी स्वास्थ्य मन्त्री मोनिका गार्सिया तथा गृहमन्त्री फर्नान्डो ग्रान्दे–मार्लास्का शनिबार टेनेरिफे पुगेर यात्रु तथा चालकदललाई सुरक्षित रूपमा जहाजबाट बाहिर निकाल्ने कार्यको समन्वय गर्ने तयारीमा रहेका छन् ।

स्थानीय बासिन्दालाई सम्बोधन गर्दै टेड्रोसले विगतको कोरोना महामारीको पीडा अझै ताजा रहेकाले मानिसहरूमा चिन्ता हुनु स्वाभाविक भएको बताए । तर उनले हाल देखिएको हान्टाभाइरसको अवस्था कोरोना महामारीसरह नभएको र जोखिम नियन्त्रणमै रहेकोमा जोड दिए ।

विश्व स्वास्थ्य सङ्गठन, स्पेनी अधिकारीहरू तथा जहाज सञ्चालन कम्पनीका अनुसार हाल जहाजमा रहेका कसैमा पनि भाइरसको लक्षण देखिएको छैन । सम्बन्धित निकायहरूले यात्रुहरूको स्वास्थ्य अवस्थामाथि निरन्तर निगरानी राखिरहेका छन् ।

हान्टाभाइरस प्रायः मुसा तथा अन्य कृन्तक जनावरबाट सर्ने भाइरस हो । यसको सङ्क्रमणले ज्वरो, थकान, श्वासप्रश्वासमा समस्या लगायत गम्भीर स्वास्थ्य समस्या निम्त्याउन सक्छ । यद्यपि विशेषज्ञहरूले हालको अवस्थालाई नियन्त्रणयोग्य रहेको बताएका छन् । रासस

# मेलाले कृषि उपज बजारीकरण गर्न सहज




**काभ्रेपलाञ्चोक ।**
काभ्रेको पाँचखाल नगरपालिकाले 'कृषि–सहर'को नारालाई सार्थकता दिन कृषि उपजको प्रवर्द्धन गर्ने उद्देश्यले दुईदिने कृषि मेलाको आयोजना गरेको छ ।

नगर कार्यालयले लवग्रिन नेपालसँगको सहकार्यमा आयोजना गरेको सो मेलामा करिब २० हजारले अवलोकन गरेको बताइएको छ ।

नगरले लवग्रिनसँग समन्वय गरी आयोजित मेलामा कृषि क्षेत्रमा नवप्रवर्तनलाई प्रोत्साहन गर्ने उद्देश्य छ । उक्त मेलामा आइपीएम प्रविधिबाट उत्पादन भएका कृषि उपजको प्रदर्शनी तथा बिक्री, बाली शिविर सञ्चालन, कृषि उपजको प्रतिस्पर्धात्मक कार्यक्रमसेमत सञ्चालन गरिएको थियो । मेलाको नगरप्रमुख महेश खरेलले शुक्रबार उद्घाटन गरेका थिए ।

सो अवसरमा नगरप्रमुख खरेलले पाँचखाल नगर कृषि सहर भएकाले यहाँको तरकारीमा न्यून विषादीमा रहेको तर्क गरे ।

उनले भने, 'पाँचखालको तरकारीमा अत्यधिक विषादी भएको भनेर हल्ला चलाइए पनि केही वर्षदेखि पाँचखालको तरकारी सेमी अर्गानिक भएको छ, विषादीको भ्रम चिर्न हामीले अर्गानिकमा जोडबल गरिरहेका छौँ ।'

उनले लवग्रिन नेपालसँगको सहकार्यमा पाँचखालमा एक हजार २०० भन्दा बढी किसानलाई एकीकृत शत्रु जीव व्यवस्थापन (आइपिएम) पद्धतिबाट तरकारीखेती गर्न तालिम प्रदान गरिएको र उक्त प्रविधिमार्फत तरकारी अर्गानिकतर्फ गएको बताए ।

पाँचखालमा किसानकै अगुवाइमा साप्ताहिक कृषि हाटबजार सुरु गर्न आग्रह गरिरहेका छन् ।

'किसानको मागलाई सम्बोधन गर्न नगरपालिका तयार छ', नगरप्रमुख खरेलले भने । लवग्रिन नेपालले विगत नौ वर्षदेखि किसानलाई आइपिएमसम्बन्धी तालिम दिँदै आएको छ । उसले तालिममार्फत स्वस्थ तथा सुरक्षित कृषि उत्पादनलाई प्रोत्साहन गर्दै मानव स्वास्थ्य संरक्षण, उत्पादन वृद्धि र किसानको आम्दानी अभिवृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको संस्थाका कार्यकारी निर्देशक नारायण ज्ञवालीले बताए ।

कृषि मेलमा बाली शिविर सञ्चालन, रैथाने उत्पादनको प्रदर्शनी तथा बिक्री, कृषि उपजको प्रतिस्पर्धात्मक कार्यक्रम, कृषक र कृषक समूहसँग प्रत्यक्ष संवाद, आइपिएम पद्धतिद्वारा उत्पादित कृषि उपजको प्रदर्शनी तथा बिक्री एवं पाँचखालमा उत्पादित आलुलगायत अन्य उपजको परिकारलगायत प्रदर्शनी–बिक्रीमा राखिएको छ । रासस

# स्कुल बस निर्देशिका कार्यान्वयन गर्न निर्देशन




**चितवन ।**
भरतपुर महानगरपालिकाभित्र सञ्चालित स्कुल बसलाई निर्देशिका कार्यान्वयन गर्न निर्देशन दिइएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयले महानगर क्षेत्रमा सञ्चालित स्कुल बसको यान्त्रिक परीक्षण तथा चालकको स्वास्थ्य परीक्षण गरेको थियो ।

तीन दिन लगाएर गरिएको परीक्षणका क्रममा निर्देशिका कार्यन्वयन नभएको पाइएपछि स्कुल बसलाई तत्काल स्कुल बस निर्देशिका, २०७४ कार्यान्वयनका लागि निर्देशन दिइएको हो ।

कार्यालयका प्रमुख प्रहरी निरीक्षक अनिल थापाका अनुसार बजार क्षेत्रमा सञ्चालित विद्यालयका १४४ वटा बसको यान्त्रिक परीक्षण गरिएको थियो । सो क्रममा नियमिति मर्मत नभएका, चक्काको टायर नियमानुसार परिवर्तन नगरिएकोलगायत समस्या पाइएको उनले बताए ।

निर्देशिका अनुसार बसमा फोहर फाल्ने डस्टबिन तथा अग्नि नियन्त्रण यन्त्र नभएको, प्राथमिक उपचारका लागि सामग्री नभएको पाइएपछि ती बसलाई तत्काल निर्देशिका कार्यान्वयनका लागि निर्देशन दिइएको प्रहरी निरीक्षक थापाले बताए ।

कार्यालयले यही वैशाख २३ देखि २५ गतेसम्म विद्यालयका बसको यान्त्रिक परीक्षण तथा सवारी चालकको स्वास्थ्य परीक्षण गरेको थियो । सो क्रममा २५० जना सवारीचालक तथा परिचालकको स्वास्थ्य परीक्षण गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

कार्यालयले सोही क्रममा महानगरभित्र रहेका विद्यालयका बसको वायुप्रदूषणको अवस्थासमेत परीक्षण गरेको थियो । विद्यालयले सञ्चालनमा ल्याएका पुराना २५ वटा बसको वायुप्रदूषण मापन गरिएकामा आठ वटाले धुवाँ उत्सर्जन गरेको पाइएको थापाले जानकारी दिए । रासस

# जङ्गली च्याउ खाँदा ११ जना बिरामी



**झापा ।**
जङ्गली च्याउ खाएर एकै परिवारका ११ जना बिरामी परेका छन् । बाह्रदशी गाउँपालिका(२ बुट्टाबारीका तेजबहादुर खवासको परिवारले आज बिहानको खानामा जङ्गली च्याउको परिकार बनाएर खाँदा बिरामी परेका हुन् ।

जङ्गलीबाट ल्याइएको च्याउ पकाएर खाएपछि परिवार सबै सदस्यमा स्वास्थ्य समस्या देखिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी खगेन्द्रबहादुर खड्काले बताए ।

उनका अनुसार ५० वर्षीया कमलामाया खवास, ३१ वर्षीय डिल्ली खवास, २० वर्षीया अनिता खवाससहित आठ जना बालबालिका बिरामी परेका हुन् ।

बिरामीलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल भद्रपुर लगिएकामा प्रारम्भिक उपचारपछि नौ जनालाई दमकस्थित बाल अस्पतालमा थप उपचारका लागि पठाइएको खड्काले जानकारी दिए । उनका अनुसार बिरामीमध्ये दुई जनाको अवस्था मध्यम र अन्यको अवस्था सामान्य छ ।

यसैबिच, प्रहरीले जङ्गली च्याउ सेवन गर्दा विषाक्त हुने र स्वास्थ्य समस्याको जोखिम रहने भएकाले पहिचान नभएका च्याउ नखान सर्वसाधारणलाई आग्रह गरेको छ । रासस

# प्रभावकारी बन्दै आवास बिमा कार्यक्रम




**बाँके ।**
गत वर्षको भदौमा परेको अविरल वर्षाले नेपालगञ्ज उपमहानगरपालिका–७ निवासी उत्तमसिंह पञ्जावीको घर भत्कियो । वर्षौं दुःख गरेर बनाएको घर क्षतिग्रस्त भएपछि उनको परिवारलाई निकै तनाव भएको थियो ।

त्यो रात सम्झिँदा अझै डर लाग्छ । निरन्तरको पानीले घरको केही भाग भत्कियो । परिवारका सबै सदस्यले भागेर ज्यान जोगायौँ, पञ्जावीले विगत सम्झिँदै भने, सबैभन्दा ठूलो चिन्ता साना बालबालिकाको थियो । त्यसमाथि फेरि घर बनाउन आर्थिक जोहो कसरी गर्ने भन्ने चिन्ता थियो । धेरै दिनसम्म निद्रा लाग्दैनथ्यो ।

आर्थिक अवस्था कमजोर भएका कारण तत्काल घर मर्मत गर्ने सम्भावना पनि थिएन, तर नेपालगञ्ज उपमहानगरपालिकाले लागू गरेको आवास बिमा कार्यक्रम उनका लागि वरदान भयो । राष्ट्रिय बिमा कम्पनीमार्फत गरिएको बिमाअन्तर्गत रु दुई लाख ३२ हजार ९०० दाबी भुक्तानी पाएपछि पञ्जावीको घर फेरि ठडिएको छ ।

नगरप्रमुख प्रशान्त विष्टले पहिलो लाभग्राहीका रूपमा चेक हस्तान्तरण गर्दा आफू भावुक बनेको क्षण सम्झिँदै उनले भने, पहिले घरको बिमा किन गरिरहनुप¥यो र भन्ने लागेको थियो, घर भत्किएपछि पो थाहा पाइयो बिमाको महत्त्व । हाल त्यही बिमाका कारण ओत लाग्ने अवस्था बनेको छ । आवास बिमा कार्यक्रम विपद्को समयमा गरिब तथा न्यून आय भएका परिवारका लागि त ठूलो सहारा हुँदो रहेछ ।

नेपालगञ्ज उपमहानगरपालिकाले विपद्जन्य जोखिम न्यूनीकरणका लागि वडा नं ३ र ७ मा आवास बिमा कार्यक्रम लागू गरेको छ । जोखिमयुक्त परिवारलाई लक्षित गर्दै सञ्चालन गरिएको कार्यक्रमअन्तर्गत हालसम्म एक सय ८४ परिवारमा यसमा आबद्ध भएका छन् ।

नगरप्रमुख विष्टले विपद् आएपछि राहत वितरण गर्नुभन्दा विपद् आउनुअघि नै सुरक्षाको आधार तयार गर्ने उद्देश्यसहित आवास बिमा कार्यक्रम लागू गरिएकामा हाल प्रभावकारी बन्दै गएको बताए । विपद् कहिले आउँछ भन्ने निश्चित हुँदैन, तर त्यसको असर कम गर्न पूर्वतयारी गर्न सकिन्छ । सोही सोचअनुसार सुरु गरिएको बिमा कार्यक्रम प्रभावकारी बन्दै गएको छ, उनले भने ।

नगरप्रमुख विष्टले दुई वडाबाट सुरु गरिएको कार्यक्रम हाल वडा नं ८ र ११ मा पनि विस्तार गरिएको र आगामी दिनमा सबै वडाका जोखिमयुक्त परिवारलाई यसमा समेट्ने योजना रहेको जानकारी दिनुभयो । नेपालगञ्जले सुरु गरेको यस्तो कार्यक्रमबाट प्रभावित हुँदै नरैनापुर गाउँपालिका, कोहलपुर नगरपालिका र खजुरा गाउँपालिकाले यसै आर्थिक वर्षदेखि कार्यान्वयन गर्ने तयारी गरेका छन् ।

विपद् सम्पर्क व्यक्ति दिपेन्द्र श्रेष्ठले आवास बिमा कार्यक्रमले समुदायमा विपद्बारे सचेतना बढाउनुका साथै क्षतिपछि पुनःस्थापनामा सघाउ पुगेको बताए ।

पहिला नागरिकले बिमा भनेपछि झन्झट मान्थे, हाल लाभ पाउन थालेपछि समुदायमा विश्वास बढ्दै गएको छ, उनले भने,यसबाट प्रभावित हुँदै अन्य स्थानीय तहले पनि कार्यक्रम लागू गर्ने तयारी गरेका छन् । यो राम्रो पक्ष हो ।

यहाँ बिमाको प्रिमियम रकम उपमहानगरपालिकाले ब्यहोर्ने गरेको छ भने क्षतिको अवस्थाअनुसार बिमितलाई रु १५ लाखसम्म रदिने व्यवस्था गरिएको छ । स्थानीयवासीका अनुसार पछिल्ला वर्षमा अविरल वर्षा, डुबान र हावाहुरीका घटना बढ्दै गएका छन् । यसबाट कमजोर संरचना बनाएर बस्ने परिवार बढी प्रभावित हुने गरेका छन् । यस्तो अवस्थामा आवास बिमा कार्यक्रमले सहयोग पु¥याउने अपेक्षा गरिएको छ ।

यसका लागि यहाँ कार्यान्वयनमा रहेको विपद् पूर्वतयारी तथा व्यवस्थापनमा सुपर कार्यक्रमले प्राविधिक सहकार्य गरिरहेको छ । युरोपियन युनियनको आर्थिक सहयोग तथा युएनडिपीलगायत विभिन्न संस्थाको साझेदारीमा सञ्चालित उक्त कार्यक्रमले नेपालगञ्ज उपमहानगरपालिकासँग समन्वय गर्दै विपद् जोखिम न्यूनीकरणका गतिविधि सञ्चालन गरिरहेको छ । रासस

# चितवनमा कबुलियती वन संरक्षण र प्रवर्द्धन अभियान

**चितवन ।**
डिभिजन वन कार्यालय चितवन कबुलियती वन संरक्षण र प्रवद्र्धन अभियानमा जुटेको छ । लामो समयदेखि नवीकरण नभएका कबुलियती वनको हकमा दाता जुटाएर नवीकरण गर्दै संरक्षण र प्रवद्र्धन सुरु गरिएको हो ।

डिभिजन वन कार्यालय चितवनका प्रमुख विष्णुप्रसाद आचार्यका अनुसार डिभिजनमा ४३३ कबुलियती वन छन् । यस वर्ष दुई वटा थपिएका छन् भने तीन वटा थपिने क्रममा छन् । तीमध्ये १८ वटाले मात्रै नवीकरण गरेका छन् । नवीकरण गर्न नआएका वनको हकमा अभियान सञ्चालन गरिएको हो ।

कार्यालय स्वयंले ५० वटा र रेड कार्यान्वयन केन्द्रले २०० वटा नवीकरणमा सहयोग गर्दैछ । एउटा कबुलियती वन नवीकरणका लागि वार्षिक रु १० हजार राजस्व तिर्नुपर्ने हुन्छ । दुई सय ५० वटा कबुलियती वन नवीकरण प्रक्रियामा छन् भने बाँकी पनि नवीकरणका लागि पहल भईरहेको छ ।

उनका अनुसार कतिपय कबुलियती वन लामो समयदेखि नवीकरण हुन सकेका छैनन् । अभियानअन्तर्गत पहिलो पटक डिभिजन वन कार्यालयले कबुलियती वनको काठ बिक्री समेत गरेको छ । ती वनका ढलापढा र सुखडखडा रुखहरु कटान सहमति दिएर बिक्री समेत गरेको छ ।

तीन वटा वनबाट दुई हजार ५६६ क्युविक फिट काठ र चार चट्टा दाउरा बिक्री गरिसकिएको छ । थप दुई कबुलियती वनबाट एक हजार ३२.६९ क्युविकफिट काठ र एक चट्टा दाउरा लिलाम प्रक्रियामा छ । त्यहाँबाट प्राप्त आम्दानीमध्ये ५० प्रतिशत राजश्व र ५० प्रतिशत वकुलियती वनको खातामा जाने गर्दछ ।

थप ३० देखि ५० कबुलियती वनबाट काठ दाउरा बिक्री गर्ने योजना छ । प्रमुख आचार्यका अनुसार कबुलियती वनबाट १५ हजार क्युफिट काठ उत्पादन गर्ने लक्ष्य छ । निष्क्रिय कबुलियती वनहरुलाई सक्रिय बनाउने योजना कार्यालयले लिएको छ ।

एउटा कबुलियती वनमा पाँचदेखि १५ घरपरिवार सदस्य हुने गर्दछन् ।

घर नजिकैको कम रुख भएका क्षेत्रलाई स्थानीयलाई वनको रुपमा विकास गर्न दिने गरिन्छ । कमजोर आर्थिक अवस्था भएका र विशेषगरी जनजाति बाहुल्य भएको स्थानमा यसरी कबुलियती वन दिने गरिएको छ । स्थानीयले वनमा आयआर्जन गरी वन समेतको संरक्षण गर्ने गर्दछन् । रासस

# माझगाउँमा ‘एक घर, एक धारा’ कार्यक्रम



**बागलुङ ।**
बागलुङको जैमिनी नगरपालिका–३ देरालीखानी माझगाउँमा ‘एक घर, एक धारा’ कार्यक्रमअन्तर्गत धारणा निर्माण गरिएको छ । गोर्खा वेलफेयर ट्रस्ट नेपालको सहयोग र जनश्रमदानबाट प्रत्येक घरमा खानेपानीको धारा निर्माण गरिएको हो ।

गोर्खा वेलफेयरको ३६ लाख र स्थानीयको रु नौ लाखको श्रमदान गरी कुल ४५ लाख लागतमा देउराली खानी गाउँका प्रत्येक घरमा धारा निर्माण गरिएको देउरालीखानी माझगाउँ खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष वेदबहादुर छन्त्यालले जानकारी दिए ।

खानेपानीको स्रोत नजिकै भए पनि सहज पहुँच नहुँदा वर्षौंदेखि स्थानीयले समस्या भोग्दै आएका थिए । माझगाउँभन्दा माथिको छरछेरे मुलबाट पानी सङ्कलन गरी पाइप लाइनमार्फत घरघरमा पु¥याइएको उनको भनाइ छ । दुई हजार लिटरका दुई र पाँच हजार लिटर क्षमताका दुई ट्याङ्की निर्माण गरी गाउँमा पानी झारिएको अध्यक्ष छन्त्यालले बताए । हरेक स्थानीयको घरमा अहिले पार्यप्त पानी पुगेको उनको भनाइ छ ।

गाउँमा खानेपानीको निकै समस्या थियो, यो समस्या समाधानका लागि लामो समयदेखि प्रयास गर्दै आएका थियो, अध्यक्ष छन्त्यालले भने, घरमा पानीका धारा बनेपछि गाउँले सबै खुसी भएका छौँ, यसले हाम्रो दैनिकी नै फेरिने अपेक्षा छ ।

विसं २०५३ मा कादुरी संस्थाले निर्माण सार्वजनिक धाराबाट अहिलेसम्म स्थानीयले खानेपानी उपभोग गर्दै आएका थिए । एउटा धाराबाट धेरै उपोक्ताले पानी भर्दा घण्टौँसम्म लाइन बस्नुपर्ने बाध्यता थियो । एक घर, एक धारा बनेपछि सहज भएको स्थानीय मनकुमारी छन्त्यालले बताए । उनले भने, एउटा धाराबाट धेरै परिवारका मान्छेले पानी उपभोग गर्दा कति समस्या भोगे हौँला ?, अब त त्यो समस्या कहिल्यै आइपर्ने छैन, बिहानै उठ्यो, पानीकै चिन्ता, साँझ प¥यो पानीकै चिन्ता, अहिले बल्ल हाइसञ्चो भयो, अब त जतिबेला चाइयो, त्यतिबेला आँगनको धारा खोलेर पानी भर्न पाएका छौँ ।

जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले खानेपानी समस्या भएका गाउँ बस्तीमा पालिकाले सहजीकरण गरेर समस्या समाधान गर्न थालेको बताए । नगरपालिकाका कतिपय गाउँबाट खानेपानीको समस्याका कारण बसाइँसराइसमेत भएको भन्दै अब कुनै पनि नागरिक स्वच्छ खानेपानीबाट वञ्चित नहुने उनको भनाइ छ ।

सानातिना खानेपानी समस्या भएको स्थानमा पालिकाले नै समस्या समाधान गरको भन्दै ठूला योजना विभिन्न सङ्घसंस्था तथा प्रदेश र सङ्घीय सरकारसँग सहकार्य गरेर काम गरिरहेको उपप्रमुख शर्माले बताए । रासस

# क्यान्सर अस्पतालको आवास खाली गर्न अटेरी



**चितवन ।**
चीन सरकारको सहयोगमा निर्मित बिपी कोइराला स्मृति क्यान्सर अस्पतालको आवास गृहमा नियम विपरीत बसेकाहरुले आवास छाड्न अटेर गरेका छन् ।

अस्पताल प्रशासनले यही वैशाख १६ गते एक सूचना जारी गर्दै उनीहरुलाई तत्काल आवास छोड्न निर्देशन दिएको थियो । आपत्कालीन सेवामा परिचालन हुने चिकित्सक, परिचारक तथा परिचारिकालाई आवासको व्यवस्था गर्नु अस्पतालको दायित्व एवं प्राथमिकता भएकाले आवास खाली गर्न निर्देशन दिइएको हो ।

अस्पतालका भण्डार प्रमुख शिला रेग्मीका अनुसार अस्पतालमा सहायकस्तर, अधिकृतस्तर र चिकित्सकहरुका लागि छुट्टाछुटै आवासको व्यवस्था छ । सहायकस्तरका कर्मचारीका लागि १० वटा घर जहाँ ६० परिवार बस्न मिल्छ । अधिकृतस्तरका कर्मचारीका लागि ६ वटा घर १० वटामा एकल र अन्य १० वटा भवनमा दुई परिवार बस्नमिल्ने गरी आवास बनाइएका छन् ।

यसैगरी, चार परिवार बस्न मिल्ने छ वटा घरमा दुई वटामा चिनियाँ र चार वटामा यहाँका अधिकृत स्तरका कर्मचारी चिकित्सक बस्दै आएका छन् । चिनिया सहयोगमा निर्मित दुई भवनमा १८ परिवार छन् । सहायकस्तरका कर्मचारीका निम्ति बनाइएको ३६ वटा कोठामा १८ परिवारले आश्रय लिएका छन् ।

हालसम्म कसैले पनि आवास खाली नगरेका उनले जानकारी दिए । अस्पतालबाट २५ किलोमिटरको परिधिमा निजी आवास भएका कर्मचारीलाई आवास सुविधा नदिने नियम सम्झाउँदै कोठा खाली गर्न सूचना जारी गरेको थियो । रासस

# लम्की–टीकापुर–खक्रौला सडक समयमै सम्पन्न नहुँदा सास्ती

**कैलाली ।**
हुलाकी राजमार्गअन्तर्गत कैलालीको लम्की–टीकापुर–खक्रौला सडकको काम सम्पन्न नहुँदा नागरिकले निकै सास्ती खेप्नुपरेको छ । यहाँ विसं २०७७ मा तीन ‘प्याकेज’ मा निर्माण सुरु भएको थियो । २९ किलोमिटर सडकमध्ये हालसम्म दुई प्याकेजका काम सम्पन्न भएका छन्, तर टीकापुरको असेहरी हुँदै खक्रौलासम्मको ११ किलोमिटर सडक पाँच वर्षसम्म सम्पन्न हुन नसक्दा समस्या भएको हो ।

स्थानीय निरा काफ्लेले निर्माण कम्पनीको ढिलासुस्तीका कारण काम सम्पन्न नहुँदा धुलो र सडकमा रहेका गिट्टीले निकै समस्या भइरहेको गुनासो गरे । “धुलोका कारण कार्यालय पुग्दासम्म लुगा र अनुहार कुरुप बन्ने गरेको छ । सडकमा गिटी हालेर छोडेको पनि महिनौँ भयो, जसले गर्दा गाडी चलाउन निकै गाह्रो हुन्छ । यसतर्फ सरोकार भएका निकायको ध्यान जानुपर्छ”, उनले भने ।

समयमा काम सम्पन्न नहुँदा सडक आसपासमा बसोबास गरिरहेका नागरिकलाई झनै सास्ती छ । गर्मीयाममा धुलो तथा वर्षायाममा हिलोले स्वास्थ्यमा असर र दुर्घटनाको जोखिम रहेको स्थानीय सुन्दरलाल चौधरीले बताए । गाडी गुड्दा उड्ने धुलो घरभित्रसम्म पुग्छ । त्यहीँ धुलो खानेकुरामा मिसिन्छ, उनले भने, पटकपटक ताकेता गर्दा सरोकार भएका पक्षले ध्यान दिँदैनन् । वर्षौंदेखि मारमा परेका छौँ ।

विसं २०७७ असार १४ गते सम्झौता भएर २०७९ पुस १३ गते सम्पन्न गर्नुपर्ने आयोजनाको म्याद तीनपटक थप भइसकेको छ । अन्तिमपटक थपिएको म्याद पनि गत फागुन २५ गते सकिएको हुलाकी राजमार्ग निर्देशनालय आयोजना कार्यान्वयन कार्यालय धनगढीका इन्जिनियर प्रमोद चौधरीले जानकारी दिएका छन् ।

३३ करोड २० लाख ६६ हजार ६३० को लागतमा निर्माण सुरु भएको योजनाको काम रायमाझी लाग्वा जगदम्बा जेभीले गर्दै आएको छ । केही वर्ष अर्को ठेकेदारमार्फत आयोजनाको काम गरे पनि समयमा सम्पन्न नभएपछि जेभी आफैँले काम गर्ने कम्पनीका निर्देशक भरत रायमाझीले जानकारी दिएका छन् । अरुको भर पर्दा काममा ढिलाइ भएको हो । अब आफैँ खटिन्छौँ, उनले भने ।

यस्तै, टीकापुर नगरपालिका–७ सत्ती हुँदै भजनी नगरपालिका—३ ठेकिपुरसम्मको साढे १० किलोमिटर सडकको अवस्था झनै खराब छ । हुलाकी राजमार्गमा पर्ने यो सडकको निर्माण ठेक्का सम्झौता पनि २०७७ सालमै भएको हो । चार ‘प्याकेज’मा ठेक्का भएको आयोजनाको तेस्रो ‘प्याकेज’सम्मको काम सम्पन्न भइसकेको छ । समग्रमा सडकको प्रगति ५० प्रतिशत रहेको जनाइएको छ ।

यस खण्डमा कालिका जोशी जेभीले रु ३२ करोड ६२ लाख ३९ हजार ६३८ मा ठेक्का लिएको थियो । भजनी नगरपालिका—८ का कालुराम पाण्डेले यहाँ पनि ठेकेदारको लापरबाहीले काम समयमै सम्पन्न हुन नसकेको बताए । कालिका जोशी जेभीका निर्देशक गणेश जोशीले विगतमा भुक्तानीमा समस्या हुँदा समयमा काम सम्पन्न गर्न नसकिएको जानकारी दिए । रासस

दुई दिने बिदाको असरः

## पढाइभन्दा मोबाइलमा हराउँदै बालबालिका

# विद्यालय आधा वर्ष बन्द हुँदा बालबालिकाको भविष्य कता जाला ?

**हरिशंकर शर्मा**
**वीरगंज ।**
नेपाल सरकारले हप्तामा शनिबार र आइतबार दुईदिन सार्वजनिक बिदा दिने व्यवस्था कार्यान्वयनतर्फ अघि बढाइरहेका बेला यसको सबैभन्दा गम्भीर असर विद्यालय शिक्षामा पर्ने चिन्ता बढ्न थालेको छ । सतहमा हेर्दा दुई दिने बिदा कर्मचारीमैत्री र आरामदायी निर्णयजस्तो देखिएपनि नेपालजस्तो कमजोर शैक्षिक आधार भएको मुलुकमा यसले बालबालिकाको सिकाइ, अनुशासन, मानसिक विकास र सामाजिक भविष्यमा दीर्घकालीन असर पार्न सक्ने शिक्षा क्षेत्रका जानकारहरूको चेतावनी छ ।




नेपालमा एक वर्षमा ३६५ दिन हुन्छ । यदि हप्तामा दुईदिन अर्थात् शनिबार र आइतबार नियमित बिदा दिने व्यवस्था लागू गरियो भने वर्षभरिमा १०४ दिन विद्यालय स्वतः बन्द हुन्छ ।

त्यसपछि सार्वजनिक बिदा, दशैं–तिहार, छठ, होली, स्थानीय पर्व, गर्मी बिदा, जाडो वा हिउँदे बिदा, परीक्षा सञ्चालन, नतिजा प्रकाशन, शिक्षक तालिम तथा अन्य प्रशासनिक बन्दसमेत जोड्दा विद्यालय सञ्चालन अवधि झन्डै १८० देखि १९५ दिनमा सीमित हुने अवस्था देखिन्छ । अर्थात् वर्षको लगभग आधाभन्दा बढी समय विद्यालय बन्द रहने स्थिति बन्न सक्छ ।

यस्तो अवस्था विकसित देशमाभन्दा नेपालमा धेरै जोखिमपूर्ण हुन सक्छ । किनकि नेपालका अधिकांश बालबालिकाको वास्तविक सिकाइ घरभन्दा विद्यालयमै निर्भर छ । विकसित देशमा घरमै अध्ययन संस्कृति, डिजिटल पहुँच, पुस्तकालय र अभिभावकीय निगरानी बलियो हुन्छ ।

तर नेपालमा विशेषगरी सरकारी विद्यालयमा अध्ययन गर्ने लाखौं बालबालिकाका लागि विद्यालय नै सिकाइको मुख्य आधार हो । लगातार लामो बिदाले 'लर्निङ लस' अर्थात् सिकाइ गुम्ने समस्या तीव्र हुन सक्छ । विशेषगरी कक्षा १ देखि ५ सम्मका बालबालिकामा नियमित अभ्यास नहुँदा अक्षर चिन्न, लेख्न, पढ्न र सामान्य गणितीय सीपमा समेत कमजोरी आउन सक्छ । आज सिकेको कुरा केही सातामै बिर्सिने अवस्था बन्ने खतरा बढ्छ । नेपालमा कोभिड–१९ महामारीपछिको अध्ययनले पनि लामो समय विद्यालय बन्द हुँदा विद्यार्थीहरूको सिकाइ क्षमता गम्भीर रूपमा घटेको देखाइसकेको छ ।

अर्को गम्भीर पक्ष भनेको बालबालिकाको मोबाइल र स्क्रिनमा बढ्दो निर्भरता हो । विद्यालय बन्द हुँदा अधिकांश बालबालिका मोबाइल गेम, टिकटक, युट्युब र सामाजिक सञ्जालमा अत्यधिक समय बिताउन थालेको अभिभावकहरू बताउँछन् । सानो उमेरमा अत्यधिक स्क्रिन प्रयोगले ध्यान केन्द्रित गर्ने क्षमता कमजोर बनाउने, चिडचिडापन बढाउने, निद्रामा समस्या ल्याउने र पढाइप्रतिको रुचि घटाउने जोखिम हुन्छ । अहिले नै विद्यालयमा विद्यार्थीको ध्यान अवधि कमजोर बन्दै गएको शिक्षकहरूको गुनासो छ । यस्तो अवस्थामा लामो बिदाले समस्या झन् जटिल बनाउन सक्ने देखिन्छ ।

विद्यालय केवल पढाइ हुने ठाउँ मात्र होइन, सामाजिक विकासको केन्द्र पनि हो । त्यहीँ बालबालिकाले अनुशासन, समय व्यवस्थापन, सहकार्य, प्रतिस्पर्धा, नेतृत्व र सामाजिक व्यवहार सिक्छन् । तर लामो बिदाले दैनिक तालिका नै अस्तव्यस्त बन्न सक्छ । बिहान ढिलो उठ्ने, राति अबेरसम्म मोबाइल चलाउने, पढ्ने बानी हराउने र शारीरिक गतिविधि घट्ने समस्या बढ्न सक्छ । फेरि विद्यालय खुल्दा पुरानो लयमा फर्कन बालबालिकालाई कठिन हुने शिक्षकहरू बताउँछन् ।

सबैभन्दा ठूलो असर भने कमजोर आर्थिक अवस्थाका परिवारका बालबालिकामा पर्न सक्ने देखिन्छ । सम्पन्न परिवारका बालबालिकाले ट्युसन, अतिरिक्त कक्षा, अनलाइन सामग्री, पुस्तक र सिर्जनात्मक गतिविधि पाउने सम्भावना हुन्छ । तर गरिब तथा ग्रामीण परिवारका बालबालिका भने बिदाको समयमा घरायसी काम, खेतबारी, मजदुरी वा अन्य काममा संलग्न हुन बाध्य हुन सक्छन् । यसले शैक्षिक असमानता अझ बढाउन सक्छ । शिक्षा अधिकारकर्मीहरूका अनुसार लामो समय विद्यालय बन्द हुँदा बालश्रम र विद्यालय छोड्ने जोखिमसमेत बढ्न सक्छ । विशेषगरी ग्रामीण क्षेत्रमा किशोर–किशोरीहरू काममा लाग्ने, पढाइप्रति रुचि हराउने तथा कतिपय अवस्थामा बालविवाहको जोखिमसमेत बढ्न सक्ने चेतावनी दिइएको छ ।

सरकारले दुई दिने बिदालाई आधुनिक कार्यसंस्कृति, मानसिक स्वास्थ्य र पारिवारिक समयसँग जोडेर हेरे पनि शिक्षा क्षेत्रका जानकारहरू विद्यालय प्रणालीलाई त्यसअनुसार पुनर्संरचना नगरी यस्तो निर्णय लागू गर्नु जोखिमपूर्ण हुने बताउँछन् । यदि दुई दिने बिदा अनिवार्य रूपमा लागू गर्ने हो भने विद्यालय समय बढाउने, पाठ्यक्रम परिमार्जन गर्ने, अतिरिक्त सिकाइ कार्यक्रम सञ्चालन गर्ने, गृहकार्य व्यवस्थापन प्रभावकारी बनाउने तथा डिजिटल शिक्षामा पहुँच विस्तार गर्ने तयारी आवश्यक पर्ने उनीहरूको सुझाव छ । कतिपय अभिभावकले भने अहिले नै नेपालमा शैक्षिक क्यालेन्डर अत्यधिक बिदामुखी भएको गुनासो गर्छन् ।

'विद्यालय खुलेको भन्दा बन्द भएको दिन धेरै हुन थाल्यो,' भन्ने अभिव्यक्ति अभिभावकहरूबाट बढ्दो रूपमा सुनिन थालेको छ ।

नेपालमा शिक्षा क्षेत्र पहिले नै कमजोर सिकाइ उपलब्धि, शिक्षक अभाव, पूर्वाधार समस्या र घट्दो शैक्षिक गुणस्तरसँग संघर्ष गरिरहेको अवस्थामा अत्यधिक बिदाले भविष्यमा थप गम्भीर संकट निम्त्याउन सक्ने देखिन्छ । प्रश्न अब केवल दुई दिने बिदाको होइन, विद्यालय बन्द हुँदा बालबालिकाको भविष्य कति खुला रहन्छ भन्ने हो ।

# तिलाबे नदीमा पुनः पक्की पुल निर्माण सुरु



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पर्सागढी नगरपालिका वडा नम्बर –९ एकटाङ्गा स्थित तिलाबे नदीमा सडक डिभिजन कार्यालय हेटौँडा र निर्माण कम्पनी बीच समन्वय गरी पुनः पक्की पुल निर्माण सुरु गरिएको छ ।

तिलाबे नदीमा निर्माणाधीन तिलाबे पुल लामो समयदेखि डिजाइन स्वीकृतिमा ढिलाइ हुँदा पुल निमार्ण कार्य अवरुद्ध भएको थियो । निर्माण कम्पनी अनुसार संशोधित डिजाइन स्वीकृतिमा मात्रै ४ वर्ष को ढिलाइ हुँदा निर्माण कार्य गम्भीर रूपमा प्रभावित भएको हो ।त्यसैगरी, निर्माण कम्पनीलाई दिनुपर्ने भुक्तानीमा समेत ३ वर्ष सम्म ढिलाइ भएको कारण परियोजनाको प्रगति सुस्त बन्न पुगेको बताइएको छ । निर्माण व्यवसायीले समयमै रकम प्राप्त गर्न नसक्दा श्रमिक परिचालन, सामग्री आपूर्ति र उपकरण व्यवस्थापनमा समस्या आएको जनाएको छ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ र ठेक्का सम्झौताको दफा ४८ र ४९ बमोजिम विल पेश भएको मितिले ३० दिन भित्र रकम भुक्तानी गर्नु पर्ने प्रावधान रहेको छ ।

परियोजना स्थलमा स्थानीय अवरोधसमेत देखिएको थियो, जसबारे निर्माण पक्षले लिखित रूपमा जानकारी गराइसकेको छ । यस्तै, पुल नजिकै हालै निर्माण गरिएको हेडवर्क संरचनाले पनि निर्माण कार्यमा थप अवरोध सिर्जना गरेको जनाइएको छ ।

विभिन्न समस्याहरूका बाबजुद पनि पुलको करिब ८० प्रतिशत काम सम्पन्न भइसकेको निर्माण पक्षले जनाएको छ । बाँकी कार्यलाई तीव्रता दिँदै आगामी असार २०८३ भित्र पुल निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ । स्थानीयवासीले पुल छिटो सम्पन्न गर्न माग गर्दै आएका छन् ।

पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठकले पुल निर्माण भएपछि ग्रामीण क्षेत्रको आवागमन सहज हुने, कृषि उत्पादन बजारसम्म पु¥याउन सजिलो हुने र आपतकालीन सेवामा पनि जोखिमपूर्ण टाढाका बाटो जानु नपर्ने बताए ।

# सीमा नाकामा कडाइ परिचय पत्र अनिवार्य

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको सीमा नाकाहरूमा सुरक्षा निगरानी कडा पार्दै नेपाल प्रवेश गर्ने व्यक्तिका लागि परिचयपत्र अनिवार्य गरिएको छ ।

पर्सा र मोरङ जिल्ला सुरक्षा समितिको बैठकले सीमा क्षेत्रमा हुने अवैध घुसपैठ तथा आपराधिक गतिविधि नियन्त्रण गर्ने उद्देश्यले यस्तो निर्णय गरेको हो ।

पर्सा जस्तै मोरङ जिल्लाका सीमावर्ती नाकाहरू पनि सम्बेदनशिल रहेको सुरक्षा अधिकारीहरूको भनाई छ । मोरङका सहायक प्रमुख जिल्ला अधिकारी सरोज कोइरालाका अनुसार उक्त निर्णय नेपाल पक्षको आन्तरिक सुरक्षा सतर्कताअन्तर्गत गरिएको हो ।

भारतको पश्चिम बंगाल क्षेत्रमा पछिल्लो राजनीतिक घटनाक्रमपछि सम्भावित अवैध आवतजावतलाई ध्यानमा राख्दै प्रशासनले विशेष सतर्कता अपनाएको जनाएको छ । विशेषगरी कलकत्ताबाट जोगवनी आउने रेलमार्फत ठूलो संख्यामा व्यक्तिहरू नेपाल प्रवेश गर्न सक्ने अनुमान गर्दै रेल आगमनको समयमा निगरानी बढाइएको प्रहरीले जनाएको छ ।

प्रशासनले सीमामा परिचयपत्र जाँचलाई कडाइ गर्नुका साथै तालिमप्राप्त कुकुरको समेत प्रयोग गरेर चेकजाँचलाई प्रभावकारी बनाएको जनाएको छ । सुरक्षा निकायले सीमावर्ती क्षेत्रमा फरार अभियुक्तहरूको आवतजावत नियन्त्रण गर्ने उद्देश्यसमेत रहेको बताएका छन् ।

# सुरक्षित स्थानमा स्थानान्तरणपछि भूमिहीनलाई लालपूर्जा दिनेछौँः लामिछाने




**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले जोखिमपूर्ण ठाउँमा बसेका नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी भूमिहीनलाई लालपूर्जा उपलब्ध गराउने प्रक्रिया अघि बढेको बताएका छन् ।

रास्वपाको पार्टी–संसद्–सरकार समन्वय समितिले आइतबार आयोजना गरेको विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसम्बन्धी 'नीति मन्थन' कार्यक्रममा सभापति लामिछानेले खोला किनारमा बाढी र पहिरोको जोखिममा रहेका नागरिकलाई पहिलो प्राथमिकतामा राखेर व्यवस्थापन गरिएको बताए ।

'सरकारले निकै द्रूत गतिमा भूमिहीनको हकअधिकार प्रदान गर्दैछ, जोखिमपूर्ण क्षेत्रमा रहेका नागरिकलाई त्यहीँ राखिरहेर ठिक गरियो कि, त्यसलाई समाधान गर्न कदम चालेर ठिक गरियो ?,' सभापति लामिछानेले प्रश्न गरे । जोखिमपूर्ण क्षेत्रका स्थानन्तरण गरिएका नागरिकको व्यवस्थापनलाई चुस्त र मानवीय बनाउन सरकार कटिबद्ध रहेको उनले उल्लेख गरे ।

सभापति लामिछानेले नागरिकको भावनासँग जोडिएको विषयलाई राजनीतिक हतियार बनाउनु गलत भएको बताए । 'तीसौँ वर्षदेखि खोलाको छेउमा दुर्गन्ध र अस्वस्थता तथा असुरक्षाका बीच नागरिकले रात काटेको विषयमा त्यति धेरै चिन्ता भएन, तर त्यसलाई व्यवस्थित ढङ्गबाट समाधान गर्न सरकारले चालेको कदमका बारेमा असंवेदनशील भएर टिप्पणी गरिनु न्यायसङ्गत भएन,' उनले भने ।

भोटका लागि राजनीति गर्ने युगबाट सम्पूर्ण राजनीतिक दल बाहिर निस्कनुपर्नेमा जोड दिँदै सभापति लामिछानेले जोखिममा रहेका नागरिकको जीउधनको रक्षा गर्न सत्ता पक्ष र प्रतिपक्ष विभाजित हुन नहुिने बताए ।

'नदी किनारमा, ढल बगेको ठाउँमा, प्रदूषणको सामुन्ने ३०औँ वर्ष बिताउँदा कति नागरिकको अल्पायूमै ज्यान गयो होला र कतिको भविष्य अन्धकार भयो होला ? आइतबार त्यसका बारेमा चासो दिइयो ?,'उनले प्रश्न गरे ।

सभापति लामिछानले सीमित स्रोत साधनका बाबजुद विपद् व्यवस्थापनमा उत्कृष्टता प्रदर्शन गरिरहेका निकायको क्षमतालाई एकीकृत गरेर क्षति कम गर्ने प्रयास गर्नुपर्नेमा जोड दिए ।

पार्टीका महामन्त्री एवम् पार्टी–संसद्–सरकार समन्वय परिषद्का संयोजक भूपदेव शाहले बर्सेनि प्राकृतिक विपद्का कारण हुने मानवीय र भौतिक क्षति कम गर्न सघाउ पु¥याउने उद्देश्यले नीति मन्थन आयोजना गरिएको बताए ।

'पार्टी, संसद् र सरकारबीच आवश्यक समन्वय नभएको अवस्थामा नीति एकातिर र नियती अर्कातिर हुन्छ,' उनले भने, 'आजको नीति मन्थलले यी तीन निकायबीचको समन्वयलाई थप कसिलो बनाउनेछ ।'

छलफलबाट आएका निष्कर्ष र सुझाव सांसदहरुका लागि प्रमाण, मन्त्रीका लागि कार्ययोजना बनाउने मार्गचित्र बन्ने महामन्त्री शाहको भनाइ थियो । 'विपद् आउँदा हारगुहार गर्ने प्रवृत्तिलाई पूर्वसतर्कता र पूर्वतयारीमा बदल्नुपर्छ,' उनले भने, 'रास्वपाले आफ्नो साङ्गठनिक संरचनालाई निर्वाचन जित्न मात्रै नभई सङ्कटमा नागरिकको सारथी बन्नका लागि तयार पारेको हो ।'

पार्टीमा आबद्ध स्वयंसेवकलाई विपद्का समयमा उद्धार र राहतका लागि स्थानीयस्तरमै परिचालन हुन सक्ने गरी प्रशिक्षित बनाइने उल्लेख गर्दै संयोजक शाहले सूचना प्रवाह र सञ्चारमा स्थानीय संयन्त्रले पूर्वचेतावनी प्रणालीका रुपमा काम गर्ने बताए । छलफलबाट प्राप्त हुने सुझावका आधारमा आगामी मनसुनमा बाढीपहिरो र सरुवा रोगबाट हुनसक्ने मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्न सरकारलाई रचनात्मक सहयोग गर्ने उनको भनाइ थियो ।

कानून बनाउँदा जनताको हित र भावनालाई केन्द्रमा राखौँ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले विधि र कानून बनाउँदा जनताको हित र भावनालाई केन्द्रमा राख्नुपर्नेमा जोड दिएका छन् ।

पार्टीको प्रशिक्षण विभागले सांसदहरूका लागि आयोजना गरेको प्रशिक्षणको समापन समारोहमा आइतबार उनले सामाजिक प्रतिष्ठालाई सफलताको मानक बनाउनेभन्दा कानून बनाउने जिम्मेवारी लाग्न निर्देशनसमेत दिए ।

सभापति लामिछानेले देशमा रहेका समस्या समाधानका लागि अध्यादेश ल्याइएको र पार्टी नेतृत्वको सरकार जनताको हितभन्दा बाहिर नजाने प्रष्ट पारे । 'सरकारले सोचेर कदम चालिरहेको छ, आजसम्म सरकारले गरेका निर्णयबाट दुःख मनाउन गर्नुपर्ने अवस्था छैन,' उनले भने, 'कतिपय कानून निर्माणलाई 'फास्ट ट्र्याक'मा लिएर जान अध्यादेश ल्याइएको हो । नीतिगत कमजोरी सुधार र विकासका काममा गति दिन अध्यादेश ल्याइएकाले देश र नागरिकलाई अप्ठ्यारो पर्ने कुनै निर्णय गरेका छैनौँ । हामी जनताको माया र देशको भविष्यप्रति चिन्तित छौँ ।'

सभापति लामिछानेले नेपाली जनताले परिवर्तनका लागि रास्वपालाई जनमत दिएको भन्दै चुनाव जित्दैमा सर्वगुण सम्पन्न छौँ भनेर नसोच्न सांसदहरूलाई आग्रह गरे । उनले विगतमा अन्य राजनीतिक दलले अनवरत सङ्घर्ष गरेर परिवर्तन ल्याएको उल्लेख गर्दै अब जनताको अवस्था बदल्ने जिम्मेवारी आफूहरूको काँधमा आएकाले सोहीअनुसार काम गर्नुपर्नेमा जोड दिए ।

'विगतमा दलहरूले अनवरत सङ्घर्ष गरेर एकतन्त्रीय शासन ढालेका हुन्, जीवन जोखिममा राखेर परिवर्तनको यात्रामा होमिएका पार्टीहरूसँग केही असहमति भए पनि हामीले उहाँहरू जस्तो धेरै सङ्घर्ष गर्नुपरेको छैन,' उनले भने, 'हिजो व्यवस्था बदलियो तर अवस्था नबदलिएकाले जनताले हामीलाई पत्याएका हुन् । विभिन्न राजनीतिक दलमा आस्थावानहरूले आफ्नो दल छोडेर हामीलाई मत दिएका छन्, त्यसैले कसैको मानमर्दन गर्नुहुँदैन ।'

सभापति लामिछानेले आमनागरिक, समाज र देशले हामीलाई हेरिरहेको भन्दै देश बनाउने काममा रचनात्मक भूमिका खेल्न सांसदहरूलाई निर्देशन दिए ।

'हामी जीवनी लेख्ने यात्रामा हैन, इतिहास लेख्न हिँडेका हौँ । त्यसैले पार्टीमा योगदानको मूल्य माग्ने बेला भएको छैन । अब सबै मिलेर अवस्था बदल्ने क्रान्तिमा लागौँ,' उनले भने ।

सभापति लामिछानेले सबै सुकुम्वासी र भूमिहीनलाई सरकारले अधिकार दिने बताए ।

'हामीले चुनावमा गरेका वाचाअनुसार काम गर्छौं । सुकुमवासी समस्यालाई उच्चस्तरीय आयोग बनाएर स्थायी समाधान गर्छौं ।संविधानको मर्मअनुसार सबैका अधिकार सुनिश्चित गर्न हामी प्रतिबद्ध छौँ,' उनले भने ।

सभापति लामिछानेले संवैधानिक व्यवस्थाअनुसार प्रधानन्यायाधीशको सिफारिस भएको बताए । उनले सरकार बजेट बनाउन व्यस्त रहेको र त्यसलाई उत्कृष्ट बनाउने गरी अर्थमन्त्रीसँग छलफल भएको जानकारी दिए । उनले सिङ्गै देश हाम्रो निर्वाचन क्षेत्र हो भन्ने ठानेर राज्यको सामथ्र्य बढाउने गरी काम गरिने धारणा राखे ।

सभापति लामिछानेले सरकारले आमजनमानसमा सकारात्मक सन्देश दिने गरी काम गरिरहेको र सरकारको भूमिकालाई थप प्रभावकारी बनाउने गरी खबरदारी सधैँ अपेक्षित रहेको बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन